नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## वडाअध्यक्ष सिंहमाथि हातपात

**मधेशदृष्टि**
**बारा ।**
देवताल-१ का वडाअध्यक्ष अरुण सिंहमाथि तेस्रो पटक हातपात भएको छ । फुलवरियामा शनिबार बिहान ८ बजे बसेको पोलसम्बन्धी विवादको बैठकमा हातपात भएकको हो । अवस्थामा पुगेको छ। खानेपानीमा बिजुलीको पोल लैजाने विषयमा ४ जना जग्गावालाको जग्गामा पोल गाडेको विषयमा विवाद भएको हो । विवादपछि वडाअध्यक्षलाई बारा प्रशासनमा निवेदन दर्ता



भएको छ ।
गाउँमै बसेको बैठकमा सडक र अन्य विषयमा छलफल हुँदा वडा सिंहलेले जात र समुदायलाइ लक्षित गरी आपत्तिजनक र अमर्यादित शब्द प्रयोग गरे पछि आक्रोशित गाउँलेले हातपात गरेका हुन् ।

वर्ष ३ • अंक १८४ • २०८२ साल जेष्ठ ०४ गते आइतबार • Sunday 18, May 2025 • सूर्योदयः बिहान ५:१७ बजे • सूर्यास्तः साँझ ६:४६ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# मधेश सरकारबाटै स्वास्थ्यमा लुट र लापरवाही
# करोडौँ खर्च, सेवा शून्य !

**दिपक कर्ण**
**जनकपुरधाम ।**
महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदन २०८२ मा मधेश प्रदेशका विभिन्न स्वास्थ्य संस्था तथा मन्त्रालयहरूमा व्यापक आर्थिक अनियमितता र व्यवस्थापकीय लापरवाही गरिएको देखिएको छ । प्रतिवेदनले देखाएको तथ्य सरकारी स्रोतको दुरुपयोग, औषधि र उपकरण खरिदमा कानूनी उल्लंघन, जनशक्ति व्यवस्थापन अभाव तथा बेरुजु रकमको भयावह अवस्थाले प्रदेशको स्वास्थ्य प्रणाली कति अस्तव्यस्त छ भन्ने स्पष्ट देखाउँछ । प्रदेश स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्रलाई ८७ करोड ७९ लाख रुपैयाँको बजेट विनियोजन गरिए पनि त्यसको आधा मात्र खर्च गरिएको छ । तर, त्यसमा पनि योजनाबद्धता र क्षमता अभाव देखिन्छ ।



५ करोड ३७ लाख रुपैयाँमा इएनटी उपकरण खरिद गरिएको भए पनि उपकरण प्रयोग गर्न योग्य जनशक्ति नभएकाले उपकरण निष्क्रिय छन् । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई ती उपकरणहरू हस्तान्तरण गरिएको भए पनि अस्पतालले प्रयोग गर्न नसक्ने अवस्थामा छन् ।
सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार २५ लाख रुपैयाँसम्मको औषधिजन्य सामग्री सोझै खरिद गर्न सकिने भए पनि १ करोड १४ लाख रुपैयाँ बराबरका टेष्ट किट सोझै मागपत्रमार्फत खरिद गरिएको पाइएको छ । यसले पारदर्शिता, प्रतिस्पर्धा र गुणस्तरीय सेवामा प्रश्न उठाउँछ । कानूनी प्रावधानको अवज्ञाले भ्रष्टाचारको सम्भावना थप गहिरिएको देखिन्छ । ४ करोड ४२ लाख रुपैयाँ बराबरका डिजिटल एक्स–रे मेसिन, एनालाइजर, डेन्टल बेड लगायत ६६ प्रकारका २ सय ५ थान उपकरण र सामग्री खरिद गरिए पनि ती कुनै पनि सञ्चालनमा छैनन् । ती सामग्रीहरू सल्लाहीको धनकौलस्थित आमा तथा बाल अस्पताललाई हस्तान्तरण गरिएको थियो ।
तर, अस्पताल नै सञ्चालनमा नभएकाले ती उपकरण प्रयोगविहीन छन् । उपकरण प्रयोगमा नआएर गुणस्तर ह्रास हुने सम्भावना बढेको प्रतिवेदनमा उल्लेख छ । सार्वजनिक खरिद नियमानुसार उपभोक्ता समितिमार्फत निर्माण गर्दा सरकारी निकायले निगरानी, मूल्याङ्कन र सम्पत्ति हस्तान्तरणको प्रक्रिया पूरा गर्नुपर्छ । तर, स्वास्थ्य कार्यालय सिरहाले १३ भवन र सर्लाहीले ४६ भवन निर्माणका लागि ११ करोड २५ लाख रुपैयाँ खर्च गरिसक्दा पनि कानूनी प्रक्रिया पूरा नगरेको उल्लेख गरिएको छ । २०७७ मा स्थापना भएको प्रतिष्ठानले ५ सय बेड क्षमताको अस्पताल निर्माण तथा दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । तर, प्रतिष्ठानले प्रोत्साहन भत्ताका नाममा ८९ लाख ९६ हजार रुपैयाँ खर्च गर्दा पनि अर्थ मन्त्रालयको सहमति नलिएको पाइएको छ ।
तिलगंगा अस्पताल परियोजनाअन्तर्गत प्रयोग गरिएको सफ्टवेयरमार्फत ३८ लाख ७७ हजार रुपैयाँ बराबरको सेवा शुल्क असुल गर्दा पनि रकम संस्थागत हिसाबमा दाखिला गरिएको छैन । ऐनअनुसार रकममा १० प्रतिशत जरिवानासहित दाखिला गर्नुपर्ने देखिन्छ । प्रतिवेदन अनुसार यस वर्ष मात्र प्रदेशका विभिन्न निकायमा १५ करोड रुपैयाँभन्दा बढी बेरुजु रकम देखिएको छ । जसमा स्वास्थ्य कार्यालयमा मात्र ७ करोड २९ लाख रुपैयाँ बेरुजु देखिएको छ भने उपभोक्ता समितिमार्फत सम्पन्न कार्यमा ८ करोड २३ लाख रुपैयाँ बेरुजु छ । म्याद नाघेको पेश्की, हिसाब नमिलाइएका खरिद र लेखा परीक्षणप्रति बेवास्ताको चित्र स्पष्ट देखिन्छ । महालेखापरीक्षकको प्रतिवेदनले मधेश प्रदेशको स्वास्थ्य प्रणालीमा गम्भीर संकट रहेको देखाएको छ ।
महंगो उपकरण प्रयोगविहीनता, नियमन उल्लंघन, जनशक्ति अभाव, कानूनी प्रक्रियाको अपमान तथा आर्थिक अनियमितताले गर्दा प्रदेशवासीले गुणस्तरीय सेवा पाउने आशा ओझेलमा परेको छ । प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय र सरोकारवाला निकायले तत्काल सुधारात्मक कदम नचाले अवस्था अझ भयावह हुनसक्ने देखिन्छ । प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०८२ को महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदनले मन्त्रालयको कार्यसम्पादनमा गम्भीर कमजोरी, कार्यक्षमताविहीन र पारदर्शिताको कमी देखाएको छ । प्रतिवेदनले बजेट खर्च, योजना कार्यान्वयन, सेवा वितरण, लेखा व्यवस्थापन, भौतिक संरचना विकास, औषधि आपूर्ति तथा विपन्न नागरिकका लागि उपचार सहायता जस्ता क्षेत्रमा अनेकौँ समस्या औँल्याएको छ ।
पहिलो आवधिक आर्थिक योजनाको समीक्षाअनुसार मन्त्रालयले २०७९–८० सम्मको लक्ष्यअनुसारका अधिकांश सूचकहरूमा अपेक्षाकृत कम प्रगति गरेको छ । मातृ मृत्युदरबाहेक अन्य स्वास्थ्य सूचकः पाँच वर्षमुनिका बाल मृत्युदर (लक्ष्यः २५, प्रगतिः ४३), शिशु मृत्युदर (लक्ष्यः १५, प्रगतिः २७), खोप कभरेज (लक्ष्यः ९५%, प्रगतिः ८५%) लगायत धेरै सूचकमा सरकार लक्ष्यभन्दा धेरै पछि परेको देखिन्छ । २०८०–८१ मा मन्त्रालयलाई ५ अर्ब ६७ करोड ३४ लाख बजेट वितरण गरिए पनि ३ अर्ब ७८ करोड ६५ लाख रुपैयाँ मात्र खर्च भएको छ । मन्त्रालयले समायोजन गर्न नसकेर ३०% भन्दा बढी बजेट खर्च गर्नै सकेको छैन । बाल अस्पताल, क्यान्सर अस्पताल, सरुवा रोग अस्पताल, वनस्पति उपचार केन्द्रजस्ता ११ महत्वपूर्ण स्वास्थ्य परियोजना कार्यान्वयन नभएर अलपत्र परेका छन् ।
बजेट तोकिए पनि परियोजनाको कार्यान्वयनमा गम्भीर ढिलासुस्ती भएको देखिन्छ । प्रदेश मन्त्रिपरिषद्को निर्णयअनुसार एक कार्यकालमा मात्र एकपटक ४ लाख रुपैयाँको सवारी सुविधा फाइनान्स गर्नुपर्नेमा मन्त्रालयले दुई मन्त्रीलाई दुई पटक गरी १६ लाख रुपैयाँ भुक्तानी दिएको देखिएको छ । महालेखापरीक्षकले यसलाई अनौचित्यपूर्ण दोहोरो भुक्तानी भनी उल्लेख गर्दै ८ लाख असुल गर्नुपर्ने सुझाव दिएको छ । विपन्न नागरिकका लागि औषधि उपचारमा सरकारले १० करोड खर्च गरे पनि लाभग्राहीको सूची, विवरण वा वितरणको प्रमाण सार्वजनिक गरिएको छैन । यसले पारदर्शिता र जवाफदेहितामा गम्भीर प्रश्न उठाएको छ । थुप्रै स्थानीय तहमा पोषण सामग्री (गर्भवती, सुत्केरी र जेष्ठ नागरिकका लागि) वितरण गरिएको भनिए पनि खरिद सामग्री कहाँ गयो भन्ने लेखाजोखा छैन । लाभग्राहीको नामावली, वितरण दस्तावेज वा प्रमाण मन्त्रालयमा पेश नै भएको छैन ।
२०७८ को स्वास्थ्य सेवा ऐनअनुसार ५ वर्षको लागि दिइएको २१ निजी स्वास्थ्य संस्थामध्ये ६ संस्थाको इजाजत नवीकरण भएको छैन । तर, ती अझै सञ्चालनमा छन् । मन्त्रालयले नियमन नगरेको देखिन्छ । एकीकृत वित्तीय विवरण, सार्वजनिक सम्पत्ति विवरण र लेखा विवरण समयमै अद्यावधिक नभएको देखिएको छ । कानूनअनुसार रिपोर्टिङ नभएको महालेखापरीक्षकको प्रतिवेदनमा सजगता अभाव देखाइएको छ । दोस्रो आवधिक योजना शुरु भइसकेको भए पनि पहिलो आवधिक योजनाको प्रगति समीक्षा रिपोर्ट ढिलो गरी गरिएको छ । समीक्षा नगरी नयाँ योजना थाल्नुले अनुभवबाट सिक्ने अवसर गुमाएको देखिन्छ । महालेखापरीक्षकको प्रतिवेदनअनुसार प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय योजनाबद्ध, पारदर्शी र कार्यान्वयनमुखी ढंगले कार्य गर्न असफल भएको छ ।

## शिक्षामा गुणस्तर र यातायातमा प्रविधि सुधार्ने प्रतिवद्धता

**राजिव साह**
**सर्लाही ।**
सदरमुकाम मलंगवास्थित यातायात व्यवस्था कार्यालय भवन शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह र श्रम तथा यातायात मन्त्री कौशल किशोर रायले प्रदेश विकासका लागि रणनीतिक प्रतिबद्धता व्यक्त गरेका छन् । मुख्यमन्त्री सिंहले शिक्षा र स्वास्थ्यमा सुधार सरकारको प्राथमिकता भएको स्पष्ट पारे ।
उनले भने, 'अबको अभियान शिक्षा क्षेत्रको गुणस्तर सुधारमा हुनेछ । सबै पालिका प्रमुख, शिक्षा शाखा प्रमुखलगायत सम्बन्धित निकायलाई सहयोग गर्न आग्रह गर्दछौँ ।' उनले मापदण्डविपरीत सञ्चालन भएका अस्पतालमा कडाइ र सुरक्षानिकायलाई आवश्यक निर्देशन दिइने घोषणा गरे । श्रीराम कबिर मठले यातायात कार्यालयका लागि निःशुल्क ९ कठ्ठा जग्गा उपलब्ध गराएकामा उनले धन्यवाद दिँदै मठको संरक्षण र विकासको लागि सरकार प्रतिबद्ध रहेको बताए ।
त्यस्तै, श्रम तथा यातायात मन्त्री कौशल किशोर रायले मधेश सरकारले ल्याएको नयाँ सवारी साधन सेवा प्रणालीले सेवाग्राहीलाई सहजता प्रदान गरेको बताए । उनले भने, 'डिजिटल प्रणालीमार्फत ट्रायल, दर्ता, नविकरण जस्ता प्रक्रियामा पारदर्शिता र सहजता आएको छ ।' मन्त्री रायले अटोमेटिक ट्रायल सेन्टर स्थापना गर्ने योजनाको जानकारी गराउँदै यातायात प्रणालीलाई आधुनिक र जनमैत्री बनाउन सरकार अग्रसर रहेको बताए ।कार्यक्रममा उनले आफ्नो निर्वाचन क्षेत्रमै यातायात कार्यालयको आफ्नै भवन शिलान्यास गर्न पाएकोमा गर्व व्यक्त गरे । यातायात कार्यालय मलंगवाका निमित्त प्रमुख शशि कुमार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा मन्त्रालयका सचिव युवराज अधिकारी, जिल्ला समन्वय समिति प्रमुख कौशल किशोर सिंह, नगर प्रमुखहरु, सुरक्षानिकाय प्रमुखहरू, कबिरा मठका महन्तलगायतको उपस्थिति थियो ।

## वन्डरल्याण्ड वाटरपार्क तोडफोड गर्ने १० जना पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षिरेश्वरनाथ नगरपालिका–१ रमदैयास्थित वन्डरल्याण्ड वाटरपार्कमा कृष्णा फाउन्डेसनले कक्षा १२ का विद्यार्थीलक्षित कार्यक्रममा झडप हुँदा तोडफोड भएको छ । घटनामा संलग्न १० जना विद्यार्थी पक्राउ परेका छन् भने अन्य विद्यार्थीको खोजी भइरहेको छ । अनुमानित ३० लाख रुपैयाँको सम्पत्ति क्षति भएको छ ।
वाटरपार्कमा विशेष छुटको प्रस्ताव राखेर कक्षा १२ का विद्यार्थीलाई प्रवेश दिइएको थियो । विशेष छुटको अवसरमा ठूलो संख्यामा विद्यार्थी पार्कमा पुगेका थिए । एकै समयमा धेरै विद्यार्थीको भीडले पार्कको व्यवस्थापनमा समस्या उत्पन्न गराएको थियो । त्यसपछि विद्यार्थीद्वारा पार्कका विभिन्न संरचनामा तोडफोड भयो । पार्कका पानीका झरना र अन्य सामग्रीमा क्षति पुगेको छ । कृष्णा फाउन्डेसनका प्रतिनिधि अनुसार उनीहरूले यो



कार्यक्रम विद्यार्थीहरूको मनोरञ्जनका लागि आयोजना भएको थियो । तर, विद्यार्थीको अत्यधिक भीड र व्यवस्थापनको कमीले स्थिति नियन्त्रण गर्न कठिन बनाएको थियो । पार्कका कर्मचारीहरूले विद्यार्थीलाई रोक्ने प्रयास गरे पनि उनीहरूले हिंसक व्यवहार देखाएपछि झडप भएको थियो ।
पक्राउ परेका १० जनामध्ये अधिकांश कक्षा १२ का परीक्षा दिएका विद्यार्थी छन् । उनीहरूको अवस्थाबारे अनुसन्धान जारी रहेको र अन्य संलग्न विद्यार्थीको पहिचान गर्न पनि प्रयास भइरहेको छ । क्षति रकमको प्रारम्भिक मूल्याङ्कनअनुसार पार्कको संरचनात्मक क्षति र विभिन्न सामग्रीको पुनःनिर्माणमा लगभग ३० लाख रुपैयाँको खर्च आउने अनुमान गरिएको छ । पार्क सञ्चालकले भने यो घटना विद्यार्थीको अनियन्त्रित व्यवहारका कारण भएको र भविष्यमा यस्ता कार्यक्रमको व्यवस्थापनमा कडाइ गरिने जनाए ।
धनुषा प्रहरीका अनुसार घटनापछि प्रहरीद्वारा अनुसन्धान शुरु गरिएको र अन्य संलग्न विद्यार्थीहरूको खोजी जारी राखेको छ । यसैबीच, वन्डरल्याण्ड वाटरपार्कमा शनिबार भएको तोडफोड र क्षतिको घटनाप्रति जनकपुरधाम उद्योग वाणिज्य संघले आपत्ति जनाउँदै यस घटनालाई जनकपुरधाम विकासविरुद्धको षडयन्त्र भनेको छ । संघका अध्यक्ष सुरेन्द्र भण्डारीले विज्ञप्ति जारी गर्दै घटना निन्दनीय र दण्डनीय रहेको बताए । विज्ञप्तिमा भनिएको छ, 'मधेश प्रदेशको राजधानी जनकपुरधामको समुचित विकास, पर्यटकका लागि थप एक मनोरम र मनोरञ्जनात्मक स्थलका साथै जनकपुरधाम र यस क्षेत्रकै घर परिवारका लागि फुर्सतको साथीका रुपमा स्थापित वाटरपार्कमा कुनै पनि बहानामा भएको तोडफोड दण्डनिय छ । यो क्षमायोग्य छैन ।' करिब ३ लाख स्क्वायर फिट क्षेत्रफलमा फैलिएको यो वाटरपार्क मधेश प्रदेशकै सबैभन्दा उत्कृष्ट स्थलको रुपमा प्रचारप्रसार भइरहेका बेला भएको यस प्रकारको गलत क्रियाकलापले जनकपुरधाम र यस क्षेत्रमा लगानी गर्न चाहने लगानीकर्ताहरुलाई भगाउने दुष्प्रयासको रुपमा रहेको संघको ठहर छ ।

## जसपा नेपालको खबरदारी सभा

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले खबरदारी सभा गरेको छ । पार्टीको केन्द्रीय परिसंघले देशको सबै उत्पीडित समुदायलाई समेटेर वीरगंजमा वृहत् अन्तरक्रियासहित खबरदारी सभा गरेको हो । जसपा नेपालले नागरिक अधिकार, समानता, स्वतन्त्रता र सामाजिक न्यायका लागि संयुक्त संघर्ष गर्ने उद्देश्यले खबरदारी सभा गरेको जनाएको छ ।
कार्यक्रममा दलित, थारु, महिला, आदिवासी जनजाति, पिछडावर्ग, मुस्लिम र अल्पसंख्यक समुदायसँग सम्बन्धित नेतृत्व, संघ–संस्था तथा व्यक्तित्वहरूको सक्रिय सहभागिता थियो । सभामा परिसंघको कार्यदिशा, आगामी कार्यभार र उद्देश्य समेटिएको ३५ बुँदे अवधारणा पत्र सार्वजनिक गरिएको जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश यादवले बताए ।
अवधारणा पत्रमा दलित, आदिवासी जनजाति, पिछडावर्ग, थारु, अल्पसंख्यक समुदाय र महिलामाथि भइरहेको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र राजनीतिक असमानता, विभेद, शोषण र उत्पीडन अन्त्य गर्ने उल्लेख छ । उत्पीडित समुदायको राष्ट्रिय पहिचानको मान्यता, जनसंख्याका आधारमा प्रतिनिधित्व, मानव अधिकारको प्रत्याभूति, सबैलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, समानता र सामाजिक न्याय सुनिश्चित गर्न संघर्ष गरिने उल्लेख गरिएको छ ।
कार्यक्रममा जसपा नेपालका सहअध्यक्ष रकम चेम्जोङ, उपाध्यक्ष गोविन्द चौधरी, महासचिव लालबाबु राउत, कार्यकारिणी समिति सदस्य राजकुमार राई, परिसंघका केन्द्रीय अध्यक्ष चन्देश्वर पासवान, मधेश प्रदेका पूर्वमुख्यमन्त्री सरोज यादवलगायत पार्टीका शीर्ष नेतृत्वको सहभागिता थियो ।

# लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकल्प छैनः सभापति देउवा

**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सबैको प्रतिनिधित्व सुनिश्चित भएको समावेशी सिद्धान्तसहित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकल्प नभएको बताएका छन ।

प्रजातान्त्रिक विचार समाज स्थापनाको ३०औँ वार्षिकोत्सव तथा २७औँ साधारणसभा र 'व्यवस्थाले अवस्थामा ल्याएको परिवर्तन' विषयक अन्तरक्रिया कार्यक्रममा उनले अहिलेको व्यवस्थामा भएका कमीकमजोरीलाई सुधार गरेर सहकार्य र समन्वयका आधारमा अघि बढ्ने प्रतिबद्धता जनाए ।




मुलुकमा समावेशी समानुपातिक निर्वाचन प्रणाली भएकाले कुनै दलको पनि बहुमत नआएको भन्दै पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका सभापति देउवाले संयुक्त सरकारको अभ्यासका क्रममा संसद्को पहिलो र दोस्रो ठूला दलको संयुक्त सरकार गठन भएको बताए ।

उनले वर्तमान सरकारबाट भएका कमीकमजोरीलाई सुधार गर्दै जनता केन्द्रित विकासमा लागिपरेको उल्लेख गरे ।

'नेपालमा प्रजातन्त्रको पुनःस्थापना भई २०४८ सालमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार बनेपछि सडक, सिँचाइ, स्वास्थ्य, खानेपानीलगायत क्षेत्रमा काम अघि बढेका हुन् । लोकतान्त्रिक शासन व्यवस्थामा विकास निर्माणले गति लिन थालेका छन ', उनले भने । विश्व तापमानले खानेपानी, हिमाललगायत क्षेत्रमा पारेको प्रभाव न्यूनीकरणका लागि काम गर्न सरकारले सगरमाथा संवाद आयोजना गरेको सभापति देउवाले बताए ।

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले विप्रेषणका नाममा आइरहेको रकम के हो? भनी सरकारले अध्ययन गर्नुपर्ने बताउँदै 'फाइनान्सियल टास्क फोर्सको खैरो सूची (ग्रे लिस्ट) मा नेपाल परेको विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिए ।

नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिमा भइरहेको ढिलाइमा विप्रेषणबाट नेपाल भित्रिने रकम त कारण होइन भनी अध्ययन, अनुसन्धान गर्नुपर्ने अवस्था देखिएकाले यसतर्फ उनले अर्थशास्त्रीको ध्यानाकर्षण गराए ।

गभर्नर नियुक्तिका विषयमा संविधान र कानुन मिचिएको भन्दै नेता कोइरालाले कुशासन, दण्डहीनता, बेरोजगारी वृद्धि भइरहँदा सरकारले यसको न्यूनीकरण गर्नेगरी नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने धारणा राखे ।

धार्मिक, आध्यात्मिक पर्यटन प्रवद्र्धनका माध्यमबाट नेपालमा रोजगारी सृजना गर्न सकिने जनाउँदै उनले यसतर्फ सरकारले विशेष योजना बनाउनुपर्नेमा जोड दिए ।

कांग्रेस नेता अर्जुननरसिंह केसीले लोकतन्त्रमा विधिको शासन हुनुपर्ने उल्लेख गर्दै विधिको शासनबिना सुशासन हुन नसक्ने धारणा राखे । हालै विश्व न्याय मञ्चले प्रकाशन गरेको तथ्याङ्कमा नेपाल माइनस ४८ प्रतिशतको अवस्थामा रहनु र हरेक वर्ष सार्वजनिक हुने भ्रष्टाचारको सूचकाङ्कमा पनि नेपाल एक अङ्कले तल पर्दै जानुले भ्रष्टाचार बढेको पुष्टि हुने उनले बताए ।

पूर्वमन्त्री डा सुरेश मल्लले प्रजातान्त्रिक विचार समाजले सत्यका पक्षमा वकालत गर्नुपर्नेमा जोड दिनुभयो ।

समाजका पूर्वअध्यक्ष हरिहर दाहालले २०५३ सालमा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा पजेरो संस्कृति भित्र्याएर राजनीतिलाई विकृत बनाउन खोजिएको भन्दै समाजले निर्णय गरेर विरोध भएकाले गलत काम गर्ने छुट कुनै सरकारलाई नभएको स्पष्ट पारे ।

समाजका अर्का पूर्वअध्यक्ष डा केदारनरसिंह केसीले लोकतान्त्रिक मूल्यमान्यताको संस्थागत विकासका लागि समाज लागिपर्ने बताए । वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालले राजनीतिक नेतृत्वमा एउटै व्यक्तिलाई निरन्तरता दिन नहुने धारणा राखे ।

समाजका अध्यक्ष कुलचन्द्र वाग्लेले व्यवस्थाले अवस्थामा परिवर्तन ल्याएको बताए ।

वरिष्ठ उपाध्यक्ष ईश्वरीराज लौडारी, महासचिव वासुदेव भण्डारीलगायत वक्ताले विसं २०५२ जेठ ३ गते स्थापना भएको समाजले प्रजातन्त्रको संस्थागत विकासका पक्षमा पैरवी गर्दै आएको बताएका थिए ।रासस

# ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**काठमाडौँ ।**
काठमाडौँको कागेश्वरी मनोहरा नगरपालिका–९ राडरस्थित सडकमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

शनिवार दिउँसो बा ६०प १७९५ नंको मोटरसाइकललाई बाप्र–०३–००१ ख १२४७ नंको ट्रकले ठक्कर दिँदा मोटरसाइकल चालक गोरखा घर भएका ३४ वर्षीय सुरज खड्काको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको बानेश्वरस्थित सिभिल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको परिसरका प्रवक्ता प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै, प्रहरीले दिएको जानकारी अनुसार काठमाडौँ महानगरपालिका–८ पशुपति मन्दिर पोडेपाटी नजिक रहेको गोपाल न्यौपानेको गाई–बाच्छा मठमन्दिर बचाउ तथा समाज विकास अभियानको टहरामा विद्युत् चुहावट भई आगलागी हुँदा गएराति करिब रु ४० लाख बराबरको धनमाल जलेर नष्ट भएको छ ।

ललितपुरको महालक्ष्मी नगरपालिका–८ नरकटे उखुटोलस्थित काठमाडौँ महानगरपालिका–२६ ठमेल बस्ने चरण चौधरीको नर्भिक इन्स्टिच्युट अफ टेक्नोलोजी नेपाली प्राइभेट लिमिटेड कम्पनीको गोदाममा समेत विद्युत् चुहावट भई आगलागी प्रहरीले जनाएको छ । आगलागी हुँदा १२ वटा एलिग्रेटर ड्राफ्ट मेसिन जलेर करिब रु ७७ लाख बराबरको धनमाल नष्ट भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।रासस

# फुटबल खेलले नेपाली समाजमा एकताको सन्देश फैलाइरहेको छः खेलकुदमन्त्री चौधरी

**सुनसरी ।**
नेपाल कांग्रेसका नेता एवं युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले फुटबल खेलले नेपाली समाजमा आशा, उत्साह र एकताको सन्देश फैलाउँदै राष्ट्रिय विकासमा उल्लेखनीय योगदान पु¥याइरहेको बताएका छन ।



शनिवार पार्टी कार्यकर्ता भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा उनले धरान फुटबलको सहरका रूपमा पनि परिचित रहेको भन्दै हाल यहाँ विभिन्न तहका फुटबल प्रतियोगिताहरू सञ्चालन भइरहेकामा खुसी व्यक्त गरे । यहाँको सक्रियता र फुटबलप्रतिको जनस्तरको आकर्षणलाई मध्यनजर गर्दै सरकारले धरानमा सञ्चालन भइरहेको फुटबल एकेडेमी तथा आगामी लिगहरूमा थप बजेट वृद्धि गर्ने उनले प्रतिबद्धता व्यक्त गरे ।

खेलकुदमन्त्री चौधरीले भने, 'धरानमा भइरहेका फुटबल गतिविधि देशका लागि अनुकरणीय छन् । जहाँ बुढासुब्बा गोल्डकपदेखि विभिन्न फुटबल लिग सञ्चालन हुने गरेका छन् । विगतदेखि नै हामीले अपेक्षा गरिएको भन्दा बढी बजेट विनियोजन गरेर सहयोग गरिरहेका छौँ । आगामी वर्षहरूमा यसलाई थप सुदृढ र व्यवस्थित बनाउन सहयोग गर्नेछौँ ।'

मन्त्री चौधरीले एकेडेमीको पूर्वाधार, तालिम तथा प्रतियोगिता सञ्चालनका लागि मात्र बजेट नभएर प्राविधिक सहयोग र आवश्यक स्रोतसाधनको व्यवस्थापनमा पनि मन्त्रालय प्रतिबद्ध रहेको बताए । उनले सङ्घीय सरकारअन्तर्गत रहेका १० वटा रङ्गशाला प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको पनि जानकारी दिए । रासस

# लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई श्रम ऐनले विभेद गरेको छैनः श्रममन्त्री भण्डारी

**काठमाडौँ ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई श्रम ऐनले विभेद नगरेको बताएका छन ।

गैरसरकारी संस्था मितिनी नेपालद्वारा शनिवार आयोजित 'होमोफोबिया, बाइफोबिया र ट्रान्सफोबिया' विरुद्धको अन्तरराष्ट्रिय दिवस २०२५ समारोहमा उहाँले केही चुनौती भने रहेकाले श्रम ऐन समयसापेक्ष परिमार्जन भइरहेको बताए ।

मन्त्री भण्डारीले भने, 'यो समुदायले श्रममा जाँदा पहिचानकै आधारमा विभेद भोग्नु परेको छ । भएका कानुनलाई कसरी पूर्णता दिने, सामाजिक मान्यतालाई कसरी स्थापित गर्ने र सर्वोच्च अदालतले जति पनि फैसला गरेको छ त्यसलाई सम्मान गर्दै नीति तथा कानुनमा आवश्यक परिमार्जन हुनुपर्छ ।'

उनले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको पहिचानका मुद्दा महत्वपूर्ण रहेका र त्यसको सुनुवाइ नभएसम्म समस्या समाधान नहुने धारणा राखे । 'प्रकृतिले कसैलाई भेदभाव गरेको छैन । परिवारले स्वीकार गर्यो भने समाजले पनि गर्छ । हाल सङ्गठित भएर आफ्नो अधिकारको कुरा गर्न थालिएको छ । सङ्गठित भएमा शक्ति हुन्छ र त्यसले आवाज थप सशक्त बनाउँछ', मन्त्री भण्डारीले भने ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साहले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको अधिकार स्थापित गर्न महिला समितिले विशेष भूमिका खेल्ने बताए । उनले भने, 'शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको क्षेत्रमा यो समुदायलाई समावेश गराउनु राज्यको दायित्व हो । समितिले यसमा ध्यान दिनेछ र कानुनी जटिलताबारे पनि पहल गर्नेछौँ ।'

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले यो समुदायको वैवाहिक अधिकारलाई मान्यता दिन सकरात्मक भएर कानुन बनाउन आयोगका तर्फबाट पनि सकारात्मक भूमिका खेलेको बताए ।

मितिनी नेपालका अध्यक्ष लक्ष्मी घलानले यस दिवसले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायले भोग्दै आइरहेका चुनौती र असमानतालाई सम्बोधन गर्ने उद्देश्य राखेको बताए । हरेक व्यक्तिलाई सम्मानजनक जीवन जिउन पाउने अधिकार रहेकाले कसैलाई पनि लैङ्गिकता र यौनिकताका आधारमा मूल्याङ्कन गर्न नहुने भन्दै उनले भेदभाव र डरबिना आफ्नो पहिचान सार्वजनिक गर्ने तथा निर्णय लिन पाउने अधिकारको पालना गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका जोडीबारे ११ प्रेरणादायक कथा समेटिएको पुस्तक 'समुदायको शक्ति' पनि लोकार्पण गरिएको थियो । पुस्तकमा ती जोडीहरूको साहस, सङ्घर्ष, धैर्यता र प्रेरणालाई चित्रण गरेको छ ।

होमोफोबिया, बाइफोबिया र ट्रान्सफोबियाविरुद्धको अन्तरराष्ट्रिय दिवस हरेक वर्ष मे १७ मा विश्वव्यापी रूपमा मनाउने गरिएको छ । सन् १९९० मे १७ मा विश्व स्वास्थ्य सङ्गठनले समलैङ्गिकतालाई मानसिक रोगको सूचीबाट हटाई यसलाई प्राकृतिक प्रक्रिया हो भनी घोषणा गरेको दिनको स्मरण गर्दै दिवस मनाउने गरिन्छ ।

यहाँ आयोजित कार्यक्रममा सातैवटै प्रदेशबाट गरी करिब ३०० अधिकारकर्मी, सम्बन्धित विषयका अभियन्ता तथा सरोकारवाला निकायको उपस्थिति थियो ।रासस

# स्रोत नखुलेको रकमसहित ४ पक्राउ

**काठमाडौं ।**
रूपन्देही, सिद्धार्थनगर नगरपालिका–१२ बाट स्रोत नखुलेको नगद ८ लाख ३९ हजार ४ सय ५० रूपैयाँ सहित २ जनालाई भारत नौतवना महाराजगंज थाना–४ बस्ने ५० वर्षीय कृष्ण अग्रहरीलाई प्रहरीले पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय भैरहवाबाट खटिएको प्रहरीले युपि ५६ जे १६५३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त नगद फेला पारी चालक कृष्णलाई पक्राउ गरेको हो ।

यसैगरी रूपन्देही, सिद्धार्थनगर नगरपालिका–१२ बाट स्रोत नखुलेको नगद ३ लाख ८६ हजार रूपैयाँ सहित कपिलवस्तु शुद्धोधन गाउँपालिका–१ घर भएका ४६ वर्षीय मसिउद्धिन फकिरलाई प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय भैरहवाबाट खटिएको प्रहरीले उनलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो ।

रौतहट, गौर नगरपालिका–१ नगरपालिका कार्यालय अगाडिबाट स्रोत नखुलेको नगद ६ लाख रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा परोहा नगरपालिका–२ बस्ने २० वर्षीय किष्ण कुमार साह र गौर नगरपालिका–५ बस्ने २० वर्षीय हरिबन कुमार साह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# परराष्ट्रमन्त्री राणासँग बिम्स्टेकका महासचिवको शिष्टाचार भेट

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवासँग बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) का महासचिव इन्द्रमणि पाण्डेले शनिवार शिष्टाचार भेटवार्ता गरेका छन ।

सगरमाथा संवादमा सहभागी हुन काठमाडौँ आउनुभएका उनले शनिवार मन्त्री डा राणासँग 'साइडलाइन' भेट गरेका हुन । त्यस अवसरमा बिम्स्टेकसँग नेपालले जलवायु परिवर्तनका क्षेत्रमा गर्न सकिने सहकार्य र समन्वयबारे कुराकानी भएको थियो । मन्त्री डा राणाले बिम्स्टेकका उद्देश्य र सिद्धान्तप्रति नेपालको प्रतिबद्धता दोहो¥याए । यसैगरी मन्त्री डा राणासँग किर्गीस्थानका राष्ट्रपतिका विशेष दूत दिनारा कामेलोभाले पनि आज शिष्टाचार भेटवार्ता गरे ।सगरमाथा संवादका लागि नेपालमा रहनुभएकी निदाराले मन्त्री डा राणासँग शनिवार होटल सोल्टीमा शिष्टाचार भेटवार्ता गरेका हुन । भेटका क्रममा मन्त्री डा राणाले उहाँलाई सगरमाथा संवादमा सहभागिताका लागि धन्यवाद ज्ञापन गरेका थिए ।उक्त भेटमा किर्गीस्थान र नेपालको द्विपक्षीय सम्बन्धका साथै पर्यटन, कृषि, जलविद्युत्लगायत क्षेत्रमा गर्न सकिने सहकार्यका बारेमा कुराकानी भएको थियो ।रासस

# चोरी तथा डाँका सम्बन्धी कसूरमा संलग्न ५ जना पक्राउ

**काठमाडौं ।**
कास्की, चोरी तथा डाँका सम्बन्धी कसूरमा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा तनहुँ शुक्लागण्डकी नगरपालिका–१० शांखे घर भएका २६ वर्षीय कट्टप्पा भन्ने सुवास विक, उनकै ठूलो बुवाको छोरा २३ वर्षीय बिमल विक, सुवासकै मामा पोखरा महानगरपालिका–१० गौरीमार्ग बस्ने स्याङ्जा पुतलीबजार नगरपालिका–९ काल्खु घर भएका ५३ वर्षीय दुर्गा बहादुर थापा एवम् सुवासकै फुपुको छोराहरू तनहुँ शुक्लागण्डकी नगरपालिका–११ दुर्गे घर भएका २२ वर्षीय गणेश सुनार तथा पोखरा महानगरपालिका–२ बस्ने स्याङ्जा पुतलीबजार नगरपालिका–९ काल्खु घर भएका ३३ वर्षीय सुरेश विक रहेका छन् ।

पोखरा महानगरपालिका वडा नम्बर २६, ३०, ३१ र ३२ लगायतका विभिन्न स्थानहरूमा चोरी भएको घटनाको अनुसन्धानको क्रममा जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो ।

# प्रधानमन्त्रीसँग कोप–२९ का अध्यक्षको शिष्टाचार भेट



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसँग कोप–२९ का अध्यक्ष तथा अजरवैजानका राष्ट्रपतिका जलवायु मामिला प्रतिनिधि मुख्तर बाबायेभले शनिवार शिष्टाचार भेट गरेका छन ।

प्रधाननमन्त्री निवास, बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री ओलीले विश्वव्यापी साझा मुद्दा बनेको जलवायु परिवर्तनका सवालमा आपसी सहकार्यका माध्यमबाट चुनौतीको सामना गर्नुपर्नेमा जोड दिँदै यसका लागि अजरवैजानले गर्दै आएको अगुवाइप्रति धन्यवाद दिए । उनले हिमालदेखि समुद्रसम्मको अवधारणामा ठूला मुलुकलाई पनि ध्यानाकर्षित गराउँदै असंलग्न राष्ट्रहरूले साझा प्रयास अगाडि बढाउनुपर्ने बताए ।

सगरमाथा संवादका लागि उक्त मुलुकबाट नेपाल आउनुभएका विशेष प्रतिनिधि बाबायेभले नेपालले हिमालको रक्षा र वातावरणीय सुरक्षाका लागि गरेको सगरमाथा संवादका लागि बधाई दिँदै यसका सन्देशहरू विश्व समुदायसमक्ष पु¥याउने बताए ।

भेटका अवसरमा नेपालका लागि अजरवैजानका गैह्रआवासीय राजदूत र परराष्ट्र मन्त्रालयका अधिकारीलगायत सहभागी थिए ।रासस

# गाडीको ठक्करबाट एक पुरुषको मृत्यु



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको चन्द्रनिगाहपुरमा गाडीको ठक्करबाट एक पुरुषको मृत्यु भएको छ । शुक्रवार राती करिब साढे ७ बजेको समयमा चन्द्रपुर नगरपालिका वडा नम्बर–४ स्थित पूर्व–पश्चिम राजमार्गमा सवारीको ठक्करले पहिचान नखुलेको सो पुरुषको मृत्यु भएको हो । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायव उपरिक्षक राज कुमार राइका अनुसार बत्ती नभएको र पानी परिरहेको बेला म्याजिक गाडीले दिएको ठक्करबाट घाइते भएको पुरुषलाई उपचारको लागि अस्पताल पुर्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । ठक्कर दिने म्याजिक चालकको खोजी जारी रहेको उनले बताए । नाम थर खुल्न नसकेको पुरुषको शव प्रादेशिक अस्पताल गौरमा राखिएको प्रहरीले जनाएको छ ।

# पत्रकार महासंघ रौतहटका कोषाध्यक्ष सहनीलाई पितृशोक

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल पत्रकार महासंघ रौतहट शाखाका कोषाध्यक्ष पत्रकार संजय सहनीका ६५ वर्षीय पिता रामनारायण सहनीको निधन भएको छ ।
मस्तिष्क घातको कारण विगत चार दिनदेखि वीरगंजस्थित एक अस्पतालमा उपचाररत सहनीको शनिबार बिहान निधन भएको हो । शोकाकुल अवस्थामा रहेको नेपाल पत्रकार महासंघ रौतहट शाखाले एक विज्ञप्ती जारी गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ । महासंघले शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै ईश्वरले शोक सहने शक्ति प्रदान गरुन् भन्ने कामना पनि गरेको छ । महासंघका सचिव गौतम श्रेष्ठद्वारा हस्ताक्षरित विज्ञप्तीमा सहनी परिवारको अपूरणीय क्षतिमा पुरै पत्रकारिता क्षेत्र मर्माहत भएको उल्लेख गरिएको छ ।

# काँग्रेसका निष्ठावान एवम् पुराना नेता लालदेवको बिदाई



**मधेशदृष्टि**
**सप्तरी ।**
नेपाली काँग्रेसका पुराना नेता एवम् प्रजातन्त्र सेनानी लालदेव यादवको शनिवार अन्त्येष्टि गरिएको छ । सप्तरीको राजगढ गाउँपालिका–३ निवासी ९५ बर्षीय यादवको अघिल्लो दिन शुक्रबार निवासमै निधन भएको थियो । प्रतिनिधिसभा सदस्य दिनेशकुमार यादव, राजगढ गाउँपालिकाका निवर्तमान अध्यक्ष परमानन्द यादव, राजगढ गाउँपालिका नेपाली काँग्रेस गाउँ कमिटिका सभापति दीपेन्द्र यादव सहितका नेताले काँग्रेसको चारतारे झण्डा ओढाएर उनलाई अन्तिम श्रद्धाञ्जली दिएका थिए । घरमा परम्परागत संस्कार सकेपछि घर नजिकैको फुलवारीमा उनको अन्त्येष्टि गरिएको छ । यादवका जेष्ठ सुपुत्र इन्द्रदेवले दागवती दिएका थिए । यादवको इन्द्रदेव, देवेन्द्र, कृष्णदेव र विष्णुदेव गरी चार छोरा, छोरी अम्बिका र श्रीमती बिमला देवी छन् । अन्त्येष्टि स्थलमा काँग्रेसका नेता कार्यकर्ताका साथै जसपा नेपालका नेता लक्ष्मण यादव तथा ठूलो संख्यामा उपस्थित स्थानीयले अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए । उनको निधनले दल विशेष मात्र नभएर प्रजातन्त्रको रक्षा र विकास चाहने सबैलाई क्षति भएको प्रतिनिधिसभा सदस्य समेत रहेका नेपाली काँग्रेस सप्तरीका पूर्वसभापति दिनेश यादवको भनाई थियो । उनले राणाशासनदेखि पंचायती व्यवस्थाविरुद्धको आन्दोलनमा यादवले गरेको योगदान अविस्मरणीय रहेको बताए । राजगढ गाउँपालिकास्थित जनता शंकर उच्च माविका लागि निशुल्क जग्गा प्रदान गरेका यादव राजनीतिसँगै समाजसेवा क्षेत्रमा समेत उत्तिकै योगदान गर्दै आएका थिए । विद्यार्थी अवस्थादेखि नै काँग्रेस राजनीतिमा होमिएका यादव कैयौं पटक विपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालासँग आन्दोलनका क्रममा पक्राउ परी सँगै जेल जिवन बिताएका थिए । हनुमाननगर जेल ब्रेकमा समेत उनी सहभागि थिए । आन्दोलनकै क्रममा उनले अनेकौं पटक भारतको निर्मली र दरभंगासम्म पुगेर राणाशासन र पंचायती व्यवस्थाविरुद्धको पर्चा, पम्प्लेट छपाएर ल्याउने र यस क्षेत्रमा वितरण गर्ने गरेका थिए । सोबारे प्रहरीले पत्ता लगाएपछि पक्राउ गर्न खोज्दा झण्डै १५ वर्षसम्म सीमावर्ती भारतीय क्षेत्रमा बसेर नेपालको प्रजातान्त्रिक आन्दोलनलाई सघाउने काम उनले गरेका थिए । उनी २०४९ सालमा उक्त पालिकाको तत्कालिन वडा नं. ९ मा सर्वाधिक मत ल्याई नेपाली काँग्रेसको तर्फबाट वडाअध्यक्षमा निर्वाचित भएका थिए । त्यसपछि क्षेत्र र जिल्ला कमिटिको विभिन्न पदमा रहनुका साथै महासमिति र महाधिवेशन प्रतिनिधिसम्मको जिम्मेवारी सम्हालेका थिए । उनको निधनले काँग्रेसमा एउटा इतिहास गुमेको र अपूरणीय क्षति पुगेकोस्थानीयवासीको भनाई छ । उनको निधनले परिवारमात्र नभई उनका गाउँले र शुभचिन्तक सबै शोकमा डुबेको राजगढ गाउँका बासिन्दाहरुले जनाएका छन् ।

# बागमती नदीमा डुबेर दुईको मृत्यु एकको खोजी जारी



**मधेशदृष्टि**
**रौतहट**
रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर–१ पौराइस्थित बागमती नदीमा डुबेर दुई जनाको मृत्यु भएको छ ।
नुहाउने क्रममा बागमती नदीमा डुबेर वेपत्ता भएका दुई जनामध्ये एक जना भारतीय नागरिकको शव फेला परेको छ भने एक जना नावालकको खोजी जारी रहेको छ ।
परिवारसंगै घुम्न आएका भारतको बिहार राज्यको सीतामढी जिल्लाका २७ बर्षीय हिमान्सु कुमारको शव फेला परेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायव उपरिक्षक राज कुमार राइले जानकारी दिएका छन् । बागमती नदीमा डुबेर वेपत्ता भएका चन्द्रपुर नगरपालिका वडा नम्बर–१ का ७ बर्षीय मनिष कुमार सहनीको खोजी जारी रहेको छ । खोजी कार्यमा नेपाल प्रहरी, सशस्त्र प्रहरीको टोली खटेका छन् ।

# चट्याङ लागेर बहिनीको मृत्यु, दाजु घाइते



**मधेशदृष्टि**
**सप्तरी ।**
वर्षासँगै परेको चट्याङ लागेर शनिबार सप्तरीमा एक बालिकाको मृत्यु भएको छ । चट्याङबाट अर्का एक बालक घाइते भएका छन् । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ स्थित कोशी बगरमा अस्थायी टहरा बनाई तरबुजा खेती गर्दै आएका भारतको उत्तरप्रदेश जिल्ला सामलि केरना पञ्चायत घर भएका जाहदि खानकी ७ वर्षीया छोरी जेनव खातुनको चट्याङ लागेर मृत्यु भएको हो । शनिबार बिहान ६ बजेतिर आएको चट्याङले उनका अर्का ८ वर्षीय छोरा जुविर खान घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चट्याङको आवाज सुनेर जेनव र जुविर घाइते भएपश्चात् उनीहरुलाई तत्कालै उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा भर्ना गराइएको थियो ।
उपचारका क्रममा चिकित्सकले इसिजि गर्दा जेनवलाई मृत घोषणा गरिएको थियो । बालक जुविरको भने सोही अस्पतालमा उपचार भइरहेको तथा अवस्था सुधारोन्मुख रहेको प्रहरीले जनाएको छ ।

# स्थानीयको अपेक्षा अनुसार पूर्वाधार विकास प्राथमिकतामाः मेयर जयसवाल



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गरुडा नगरपालिका वडा नम्बर–४ अन्तर्गत संजय साहको खेतदेखि श्रीराम चिनीमिलसम्मको ३ सय ९५ मिटर लम्बाइ र सवा ३ मिटर चौडाइको आरसीसी ढलान सडक निर्माण कार्य शनिबार विधिवत रूपमा शिलान्यास गरिएको छ ।
करीब ४५ लाख रुपैयाँको लागतमा निर्माण हुन लागेको यो सडकले स्थानीय बासिन्दाहरूको दैनिक आवागमन सहज बनाउनुका साथै व्यापार तथा यातायात क्षेत्रमा महत्वपूर्ण योगदान पु¥याउने अपेक्षा गरिएको छ ।
सडक शिलान्यास कार्यक्रममा बोल्दै नगरप्रमुख कन्थमनी जयसवालले गुणस्तरीय निर्माण सुनिश्चित गर्दै निर्धारित समयमै काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।
उनले स्थानीयको अपेक्षा अनुसार पूर्वाधार विकासलाई प्राथमिकता दिइरहेको जनाउँदै यस सडकले आर्थिक गतिविधिलाई समेत सहज बनाउने विश्वास व्यक्त गरेका छन् ।
सडक निर्माण कार्य छिट्टै प्रारम्भ भई तोकिएको म्यादभित्र सम्पन्न गरिने नगरपालिकाले जनाएको छ ।

# सामाजिक सञ्जालमा अभद्र भाषा प्रयोग गर्दै आएका 'न्यू स्टार' प्रहरी नियन्त्रणमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सामाजिक सञ्जालमा निरन्तर अभद्र र अश्लील भाषा प्रयोग गर्दै आएका 'न्यू स्टार' को नामले चर्चित धनुषाका अमित यादवलाई प्रहरीले पक्राउ गरेको छ । धनुषाको गणेशमान चारनाथ नगरपालिका–८ लवटोली निवासी यादवलाई शुक्रबार राति जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको विशेष टोलीले नियन्त्रणमा लिएको हो । टिकटक, फेसबुक लगायतका सामाजिक सञ्जालमा आफ्नो उपस्थिति जनाउँदै आएका यादवले लामो समयदेखि अभद्र र अश्लील शब्द प्रयोग गर्ने सामग्री सार्वजनिक गर्दै आएका थिए । उनका यस्ता भिडियोहरूले युवामाझ गलत सन्देश फैलाउने, समाजमा विकृति बढाउने तथा आम नागरिकमा असहजता सिर्जना गरिरहेको स्थानीयले गुनासो गर्दै आएका थिए । यादवको क्रियाकलापविरुद्ध सामाजिक चेतनाशील समूह तथा युवाहरूले जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायतका सम्बन्धित निकायमा ज्ञापनपत्र बुझाएका थिए । अभिव्यक्ति स्वतन्त्रताको नाममा सामाजिक मर्यादा तोड्ने शैलीप्रति आक्रोश व्यक्त गर्दै स्थानीय युवाहरूले कडा कारबाहीको माग गरेका थिए । सार्वजनिक सञ्चारमाध्यममार्फत अश्लीलता फैलाउने, अभद्र भाषा प्रयोग गरेर समाजमा हिंसा र द्वेषको भावना बढाउने कार्य कानुन विपरीत रहेको भन्दै उनीहरू प्रहरीले तत्काल हस्तक्षेप गर्नुपर्नेमा एकमत थिए । प्रहरीले अमित यादवविरुद्ध आवश्यक अनुसन्धान प्रक्रिया प्रारम्भ गरिसकेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार उनलाई साइबर अपराधसम्बन्धी कानुनी दायरामा ल्याउन प्रारम्भिक तथ्य सङ्कलन तथा प्रमाण जुटाउने कार्य भइरहेको छ । 'सामाजिक सञ्जालमा अभिव्यक्ति स्वतन्त्रता सबैलाई छ, तर त्यसको दुरुपयोग गरेर अरूलाई मानसिक असर पार्ने खालका गतिविधि गर्न पाइँदैन,' प्रहरी स्रोतले बतायो । यादवमाथि विद्यमान साइबर अपराधसम्बन्धी ऐनअनुसार कारबाही प्रक्रिया अगाडि बढाइने र यदि दोषी प्रमाणित भएमा आवश्यक कानुनी दण्ड दिइने बताइएको छ । यादवको गतिविधिबाट उद्वेलित बनेका स्थानीयवासीले सामाजिक सञ्जालको प्रयोग मर्यादित, सकारात्मक र जिम्मेवार बनाउन सबै नागरिक सचेत हुनुपर्नेमा जोड दिएका छन् । एक स्थानीय युवा नेताले भने, 'हामी अभिव्यक्ति स्वतन्त्रताको विरोधी होइनौं, तर सार्वजनिक प्लेटफर्ममा अपमानजनक, अश्लील वा घृणा फैलाउने भाषाको प्रयोग कुनै हालतमा स्वीकार्य हुँदैन ।'

# मदन–आश्रित स्मृति दिवसमा विचार गोष्ठी

**मधेशदृष्टि**
**बारा ।**
३२औं मदन–आश्रित स्मृति दिवस तथा निर्मल क्षेत्रीको सम्झनामा नेकपा एमाले जीतपुरसिमरा उपमहानगर कमिटीले शनिबार डुमरवानामा विचार गोष्ठी कार्यक्रमको आयोजना गरेको छ । एमाले पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री पुरुषोत्तम पौडेलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।
कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री पौडेलले एमालेका तत्कालीन महासचिव मदन भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवादले नेपालको कम्युनिस्ट आन्दोलनका साथसाथै विश्व कम्युनिस्ट आन्दोलनमा नयाँ आयाम थपेको बताए । त्यसैगरी पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री ज्वालाकुमारी साहले पार्टीलाई सबै मिलेर अगाडि बढाउनुपर्ने कुरामा जोड दिइन् । कार्यक्रममा केन्द्रीय सदस्य तथा पूर्वनगर इन्चार्ज मञ्जु थापाले नगर कमिटीले मिसन ८४ लाई सफल बनाउन एकजुट भएर लाग्न आग्रह गरिन् । त्यसैगरी कार्यक्रमलाइ सम्बोधन गर्दै एमाले मधेश प्रदेश कमिटीका सचिव मनोज पौडेलले ३२ वर्षअघि मदन भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवाद कार्यक्रम अहिले पनि त्यति नै सान्दर्भिक भएको उल्लेख गरे । नगर कमिटीका अध्यक्ष त्रिलोक विक्रम शाहको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# पर्सा जिल्ला पूर्ण खोप सुनिश्चित घोषणा

**मधेशदृष्टि**
**वीरगंज ।**
'पूर्ण खोप, सुनिश्चित भविष्य' भन्ने मूल नारासहित पर्सा जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको छ ।
यस अवसरमा वीरगंजमा स्वास्थ्य कार्यालय पर्साको आयोजनामा भव्य 'पूर्ण खोप सुनिश्चितता दिगोपन घोषणासभा कार्यक्रम' सम्पन्न भएको हो । समारोहको अध्यक्षता जिल्ला समन्वय समिति पर्साका सभापति निरञ्जन प्रसाद सोनारले गरेका थिए भने प्रमुख अतिथिका रूपमा मधेश प्रदेशका स्वास्थ्य मन्त्री शत्रुधन प्रसाद सिंह सहभागी थिए ।
कार्यक्रममा जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख गणेश अर्याल, नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चुमन लाल दास, पोखरिया नगरपालिकाका प्रमुख प्रदुमन चौरसिया, र स्वास्थ्य प्रवन्धक विपिन ओझा विशिष्ट अतिथिका रूपमा सहभागी थिए ।
समारोहलाई सम्बोधन गर्दै स्वास्थ्य मन्त्री सिंहले पूर्ण खोप सुनिश्चितता अभियानलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै यस उपलब्धिका लागि स्वास्थ्यकर्मी, स्थानीय तह तथा नागरिकहरूलाई धन्यवाद दिए । उनले खोपले सुरक्षित भविष्य निर्माणमा महत्वपूर्ण योगदान पु¥याउने कुरामा जोड दिए ।
सभापति सोनारले यो घोषणा केवल स्वास्थ्यको उपलब्धि नभई दीर्घकालीन जनस्वास्थ्य सुरक्षाको आधार भएको बताउँदै खोप अभियानलाई निरन्तरता दिन समन्वय आवश्यक रहेको धारणा राखे ।
कार्यक्रममा स्वास्थ्य कार्यालय पर्साका प्रतिनिधिहरूले खोप अभियानमा देखिएका चुनौतीहरू, हासिल गरिएका सफलताहरू तथा आगामी रणनीतिहरूबारे विस्तृत जानकारी प्रस्तुत गरे । साथै उत्कृष्ट प्रदर्शन गर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूलाई सम्मानपत्र तथा प्रमाणपत्र प्रदान गरिएको थियो । घोषणासभाले पर्सा जिल्लालाई औपचारिक रूपमा पूर्ण खोप सुनिश्चित जिल्लाका रूपमा स्थापित गर्दै स्वास्थ्य क्षेत्रको समृद्धि र दिगोपनतर्फ थप प्रेरणा प्रदान गरेको आयोजकले जनाएको छ ।

सम्पादकीय

# दासढुङ्गामा मदन–आश्रितको सम्झना

*सत्तामा रहेको नेपाल कम्युनिष्ट पार्टी (एमाले)को विचार, सिद्धान्त, मार्गनिर्देशन जनताको बहुदलीय जनवादका प्रवर्तक तत्कालीन महासचिव मदनकुमार भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको स्मृतिमा देशभर श्रद्धाञ्जलीका कार्यक्रम भएका छन् । दुवै नेता दुर्घटनामा परेको चितवनको दासढुङ्गामा पनि स्मृतिसभा गरेर एमाले चितवनले आफ्ना नेताहरुको सम्झना गरेको छ।*

*एमाले चितवनको आयोजना र मदन भण्डारी फाउण्डेशन चितवनको संयोजनमा भएको सभामा नेता कार्यकर्ताले नेताद्वयको शालिकमा माल्यार्पण गर्नुका साथै शब्दद्वारा श्रद्धासुमन व्यक्त गरे । दासढुङ्गा मदन–आश्रितको जिप त्रिशूलीमा खसेको स्थल हो । एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डेले मदन भण्डारीमा वैचारिक क्षमता अद्भूत रहेको चर्चा गर्दै उनमा जुनसुकै कुरा बुझाउनसक्ने क्षमता रहेको सम्झना गरे । मदन र आश्रितको परिवारले धेरै ठूलो त्याग गरेको बताउँदै उनले एक दिन दासढुङ्गामा आएर फूल चढाउने गरिरहँदा उनीहरुको परिवारले अभिभावक र परिवारको मुली गुमाएकामा पनि चिन्तन गर्नु पर्ने बताए।*

*एमाले स्थायी कमिटी सदस्य एवं सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीले 'जनताको बहुदलीय जनवाद' तीन दशकको अभ्यासबाट प्रमाणित भइसकेको बताए । जीवराजलाई कुशल सङ्गठक हुनुका साथै आदर्श नेता पनि भएको उनको भनाइ थियो । एमाले बागमती प्रदेशका अध्यक्ष कैलाश ढुङ्गेलले जेठ ३ लाई अध्याँरो दिनका रुपमा चित्रण गरे । जीवराजका छोरा डा सागर न्यौपानेले यो दिनलाई कालो दिनको सङ्ज्ञा दिँदै षड्यन्त्रपूर्वक देशीविदेशी शक्तिले नेताद्वयको हत्या गरेको बताए।*

*कार्यक्रममा एमाले पोलिटब्युरो सदस्य एवम् चितवन जिल्ला इञ्चार्ज देवी ज्ञवाली, केन्द्रीय सदस्य एवम् बागमती प्रदेश संसदीय दलका नेता जेएन थपलिया, जिल्ला अध्यक्ष कमल पाठक लगायतले बोलेका थिए । विसं २०५० जेठ ३ गते नारायणगढ–मुग्लिन सडकखण्डको दासढुङ्गामा मदन–आश्रितको रहस्यमय जिप दुर्घटनामा निधन भएको थियो।*

*२०५१ सालदेखि नै नेकपा एमालेले सत्ता सञ्चालनमा आफ्नो उपस्थिति जनाइरहेको छ । एमालेले संघीयता कार्यान्वयनमा स्थानीय तह, प्रदेश र केन्द्र सरकारमा बरोबर हिस्सा पाइरहँदा मदन आश्रितको हत्यालाई रहस्मय भनेर यसको अनुसन्धानमा भने कहिल्यै पनि मन नलगाएको बेलाबखत प्रश्न उठ्ने गरेको छ । हुन पनि हो, मदन भण्डारीको हत्यापछि पार्टीले बनाएको छानबिन समितिका संयोजक केपी शर्मा ओली बरोबर सत्तामा छन् । यसैगरी मदनपत्नी विद्या भण्डारी दुई पटक राष्ट्रपति भइन् । तर हत्याको छानबिनको सुई घुम्दै घुमेन।*

# हिमाल जोगाउने सत्प्रयासः सगरमाथा संवाद



प्रगति ढकाल

हिमाललाई ढाक्यो
कान्छा...हो..हो...हो...
हो..हिमाललाई ढाक्यो कान्छा...हो
हिउँको पछ्यौरीले...
पिरतीको भाका बोल्छ...
फूल मन्जरीले...
फूल मन्जरीले...ए...
फूल मन्जरीले...

जुनु रिजाल काफ्लेको स्वरमा सजिएको यो गीत नेपालीको मनमुटुमा बस्न सफल छ । तर यही गीतले बोलेको भावजस्तै हिमाललाई हिउँको पछ्यौरीले नढाँक्ने पो हो कि ? हिमाल सेतै हुन्छ रे भन्ने कुरा हामी भावी पुस्ताले इतिहास मात्रै पढ्न पाउने हुन् कि उस्तै चिन्ता र चासो बढेको छ।

बिहान उठ्ने बित्तिकै हिमाल देख्न पाइयोस्
यी हातले सधैँसधैँ नेपाल लेख्न पाइयोस्।
रामकृष्ण ढकालको स्वरमा गुञ्जिने यो गीत पनि नेपालीको जनजीब्रोमा झुन्डिएको छ । गुञ्जिरहनेछ सदाबहार रूपमा। गीतले भनेकोजस्तै हिमाल देख्न नपाइने हो कि भन्ने डर पनि उत्तिकै छ।

विश्वव्यापी रूपमा बढिरहेको जलवायु परिवर्तनको असरले हाम्रा यी सेता हिमालहरू कतै कालापत्थरमा त परिणत हुने होइन ? यी र यस्ता प्रश्नहरूले गीतले भनेजस्तै बिहान उठेर हिमाल हेर्न सधैँ नपाइएला कि भन्ने चिन्ता पनि छ।

हिमालकै कारण नेपाली भूभाग साँच्चै प्रकृतिको बेजोड सङ्गम भएको हो । यहाँका हिमालदेखि तालतलैयाले लगाएको मोहनीले नेपाल पर्यापर्यटकमा विश्वका जनताको आकर्षणको केन्द्र बन्न सफल भएको छ । त्यसैले हिमालको अस्तित्व बचाउनु हामी सबैको कर्तव्य हो ।

जलवायु परिवर्तनको असरले यी आकर्षणमा कमी मात्र होइन समाप्त नै हुन्छ भने डर पनि छ । हिमाल बिनाको नेपाल कस्तो देखिएला नेपाल ? हिमालको महत्त्व अपार भएर नै होला कवि तथा गीतकारहरूले हिमालको महिमा गाएका थिए, रचना रहेका थिए। ती रचना कतै इतिहास त हुने होइन भन्ने चिन्ता यतिबेला सर्वत्र छ।

पर्यटन व्यवसायी समेत रहनुभएका आङछिरिङ शेर्पालाई कतै हिमालमा हिउँ रित्तिएर पर्यटकहरू नै नेपाल नआउने र पर्यटन व्यवसाय धरापमा पर्ने हो कि उस्तै चिन्ता छ । उमेरले ७० नाघिसक्नुभएका शेर्पालाई लामो समय हिमालकै काखमा हुर्केर खेलेकाले पनि होला पहिला र अहिलेको हिमालबारे जानकार हुनुहुन्छ उहाँ। 'हामी सानो छँदा त हिमाल सबै सेता हिउँले ठाकिएको हुन्थ्यो । चमक्क चम्किन्थे । हेर्दाहेर्दै हिमालमा हिउँ पातलियो । कालापत्थरहरू देखिन थाले,' उहाँ भन्नुहुन्छ, 'यस्तै हो भने त अबको २० वर्षमै हिमालको अस्थित्व मिटिन्छ कि भन्ने चिन्ता लाग्छ । अनि हिमाल हेर्न भनेर पर्यटक आउन छाड्लान् हाम्रो व्यवसाय पनि धरापमा पर्नेछ।'

मुस्ताङ जिल्लास्थित बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिङजीन नामगेल गुरूङलाई पाँच वर्षदेखि हिउँ नपर्दा हिउँ हेर्ने रहर भावी पुस्ताका लागि पूरा नहुने हो कि चिन्तित हुनुहुन्छ। 'हाम्रो क्षेत्रमा पाँच वर्षदेखि हिउँ नै परेको छैन । हामीले देखिरहेको सेता हिमालहरूमा अहिले हेर्दा बाक्लो हिउँ छैन', उहाँ भन्नुहुन्छ , 'हिउँ नपर्नुका साथै मुस्ताङमा बाढीले क्षति गर्न थालेको छ। अब के पो हुने हो ? भनेर मानिसहरूमा मनोवैज्ञानिक त्रास पनि बढिरहेको छ।'

विशेषगरी हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरको विषयमा विश्व समुदायको ध्यानाकर्षण गराउने लक्ष्यका साथ नेपालले शुक्रबारदेखि विश्वकै उच्च शिखर सगरमाथाको नामबाट 'सगरमाथा संवाद' सरू गरेको छ । आइतबारदेखि चल्ने संवादमा तीन दर्जनभन्दा बढी मुलुकमा प्रतिनिधिहरू एकै स्थानमा जम्मा गरेर जलवायुजन्य सङ्कटका उदाहरणहरू नेपालले प्रस्तुत गरिरहेको छ। अध्यक्ष गुरूङ पनि आफ्नो पाालिकाले भोगिरहेको यिनै जलवायुजन्य समस्याको उदाहरणसहित संवादपूर्वका तयारीमा काठमाडौँ आउनुभएको थियो । मुस्ताङले भोगेको जलवायुजन्य समस्याहरू राम्रोसँग प्रस्तुत गर्दै जलवायु न्याय मिलोस् भन्ने उहाँको उपेक्षा छ।

सोलुखुम्बुस्थित खुम्बु पासाङल्हामु गाउँपालिकी उपाध्यक्ष टासी ल्हामु शेर्पा पनि जलवायुजन्य सङ्कटले हिमालमा हिउँ रित्तिदै गएको, थामेमा गएको हिउँपहिरोले गरेको विनास, हिउँ पर्न छोड्दा कृषिमा पुगेको असरलगायत समस्या प्रस्तुत गर्न संवादमा आइपुग्नुभएको छ। 'हामीले भोगिरहेको जलवायुजन्य समस्याहरूले विश्व समुदायको ध्यानाकर्षण गराउनेछ र हामीले गर्दै नगरेको गल्तीको सजाय भोगिरहेका छौँ । गल्ती गर्ने धनी र विकसित मुलकुहरूले हामीलाई न्याय दिनुपर्छ,' उहाँले भन्नुभयो, 'जलवायु सङ्कटले निम्ताउन थालेको विपद्का कारण स्थानीयहरू बसाइँसराइ गर्न थालेका छन्।'

खुम्बु पासाङल्हामु गाउँपालिका थामेकी बासिन्दा याङ्गी डोल्मा शेर्पाले थामेमा गएको हिउँ पहिरोका घटनाले अहिले पनि त्रासमा नै बस्न परको भन्दै संवादमा पर्वतीय क्षेत्रले भोगिरहेका जलवायुजन्य यस्ता समस्यालाई विशेष प्राथमिकतामा राखेर पैरवी गर्न सुझाव दिनुभयो।

सगरमाथा संवाद सचिवालयका सदस्य सचिवसमेत रहनुभएका मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा महेश्वर ढकालले शुक्रबारदेखि सुरू भएको संवादमा हिमालमा जलवायु परिवर्तनले परिरहेको असर, पर्वतीय क्षेत्रका बासिन्दाले भोगिरहेका जलवायुजन्य सङ्कटले निम्ताएका समस्याहरू प्रस्तुत गर्दै विश्व समुदायको ध्यानाकर्षण भइरहेको जानकारी दिनुभयो।

'यो संवाद नै जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेको प्रभावका विषयसँग सम्बन्धित रहेको छ । यसले मानवतामाथि भविष्यमा आउन सक्ने सङ्कटको बारेमा बढी जोड दिई विचारविर्मश भइरहेको छ,' उहाँले भन्नुभयो, 'संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथा लिएर बस्ने तर त्यसको संरक्षणमा उचित ध्यान जान नसकेको देखिन्छ । हिमताल बन्ने र फुट्ने, तल्लो तटीय क्षेत्रमा आउने बाढीपहिरो, डुबान र त्यसले पारेको धनजनको क्षति र त्योसँग जुध्नको निम्ति सरकारले अहिलेसम्म गरेको लगावलाई उजागर गरिरहेका छौँ।'

जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेका असरको विषयमा सबैको साझा धारणा बनाउने लक्ष्यका साथ संवाद आयोजना गरेको ढकालले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, 'जलवायुका असरसँग जुध्नसक्ने क्षमता पनि बढाउनुपर्छ । सगरमाथा संवादमा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्नका लागि पनि पहल भइरहेको छ।'

ढकालले जलवायु परिवर्तनसम्बन्धी अन्तराष्ट्रिय अन्तरसरकारी समूह (आइपिसी) को छैटौँ रिपोर्टले जलवायु परिवर्तनको सबैभन्दा बढी जोखिम पहाडि क्षेत्र, त्यसमा पनि हिमाली क्षेत्र र अझै नेपालका पर्वतीय क्षेत्रहरू बढी जोखिममा रहेको देखाएकाले जोखिम न्यूनीकरणमा जोड दिन आवश्यक रहेको बताउनुभयो।

वन विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयका प्राडा राजेशकुमार राईले सगरमाथा संवादले जलवायु परिवर्तनका कारण हिमाली अर्थतन्त्रमा परेको असरलाई अन्तरराष्ट्रियस्तरसम्म पु¥याउने र जलवायु न्यायका लागि पैरवी गर्ने अवसर संवादले दिएको बताउनुभयो ।

'उच्च हिमाली क्षेत्रमा हिउँ पग्लनु, पदमार्गहरूमा क्षति पुग्नु र पर्यटकीय गन्तव्यहरू जोखिमपूर्ण बन्नुले प्रभावित भएको छ । यसैगरी जलविद्युत् उत्पादन पनि प्रभावित भइरहेको छ, किनकि नदीहरूको प्रवाहमा अस्थिरता आएको छ, जसले ऊर्जा आपूर्ति र औद्योगिक उत्पादनमा असर पारेको छ,' उहाँले भन्नुभयो, 'यी सबै कारणले गर्दा जलवायु परिवर्तन हिमाली देशहरूको दीर्घकालीन आर्थिक स्थायित्व र विकास लक्ष्यमा चुनौतीका रूपमा देखिएको छ।'

हिमालमा कस्तो असर पर्ला ?

हिमालमा जलवायुले पारेका असरका कारण हिमालको अस्तित्व सकिने, पानीको स्रोतहरू सुक्ने, हिमताल फुट्ने, हिमपहिरो जाने, पर्यटक घट्ने, बसाई सर्नुपर्ने अवस्था आएर त्यहाँका संस्कृति लोभ हुनेलगायत असर देखिने बताउनुहुन्छ पर्वतीय क्षेत्रका मुद्दामा पैरवी गर्दै आउनुभएकी जलवायु अभियन्ता गीता पाण्डे । पर्वतीय क्षेत्रमा जलवायुले पारको असर न्यूनीकरण तथा अनुकूलनका लागि निरन्तर पैरवी आवश्यक रहेको उहाँको सुझाव छ।

जलवायु परिवर्तनसम्बन्धि २१ औँ विश्व सम्मेलन फ्रान्सको पेरिसमा सम्पन्न भएको थियो । पेरिस सम्झौताबमोजिम तापक्रमका वृद्धि १ दशमलव ५ डिग्री सेल्सियसमा कायम भए तापनि यस एक्काइसौँ शताब्दीका अन्त्यसम्ममा हिमालय क्षेत्रका ३६ प्रतिशत हिमताल पग्लन प्रक्षेपण गरिएका छ।

पैरवीमा जोडबल निरन्तर

गत वर्ष बाकुमा सम्पन्न 'विश्व जलवायु सम्मेलन' (कोप २९) मा भाग लिन पुग्नुभएका राष्ट्रपति रामचन्द्र पौडेलले जलवायुजन्य सङ्कटबाट हिमाल जोगाउनुपर्ने भन्दै विश्व समुदायको ध्यान आकर्षण गराउनुभएको थियो।

सन् २०२३ मा युएईको दुबईमा सम्पन्न भएको २८ औँ कोपमा पनि नेपालको नेतृत्व गर्दै तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' उपस्थित हुनुभएको थियो । 'म यहाँ ३० मिलियन नेपालीको सन्देश बोकेर आएको छु,' प्रधानमन्त्री दाहालले सम्बोधनको सुरूमै भन्नुभएको थियो, 'तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रात पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ ।'

यस बेलामा पनि पर्वतीय क्षेत्रको मुद्दाले विश्व समुदायमा चर्चामा ल्यायो । कोपमा पहिलोपटक हिमालको मुद्दा छलफलमा समाहित गरियो। यसअघि नेपालले जोडदार रूपमा हिमालको मुद्दा कोपमा समाहित गराउन जोडबल गर्दै आइरहेको थियो।

यसो त दुई वर्षअघि संयुक्त राष्ट्रसघङ्का महासचिव एन्टिनिओ गुटेरेश चार दिने नेपाल भ्रमणमा आउनुभएको थियो । महासचिव गुटेरेसले भ्रमणमा रहेको बेलामा हिमालयबाट बगेका नदीहरूले एक अर्बभन्दा बढी मानिसलाई स्वच्छ पानी प्रदान गरिरहेको भन्दै हिमालको प्रशंसा गर्नुभयो । यस्ता हिमनदी पग्लिएमा पानीको स्रोत समेत सङ्कटमा पर्न सक्ने भन्दै उहाँले दिनुभएको अभिव्याक्तिले पनि यो वर्ष मुख्य चर्चा पायो। यसले पनि कोपमा पर्वतीय क्षेत्रका मुद्दामा पैरवी गर्न नेपाललाई सहज भयो।

मासचिव गुटेरेसले २८ औँ कोप सम्मेलन सुरू हुनुअघि नेपालको भ्रमण गर्नुभएर पनि होला नेपाललाई बढी सम्झानुभएको थियो । नेपालको भ्रमणको क्रममा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रलाई नजिकबाट साक्षत्कार गर्ने मौका पाएर पनि होला उहाँले हिमालमा परेको जलवायु परिवर्तनको असर पनि नकिजबाटै निहाल्नुभयो । ती अनुभवहरू विश्व सामुदायको अगाडि अभिव्यक्त गर्नुभयो । हिमालमा जलवायु परिवर्तनको असर यसले हिमाली क्षेत्रको जनजीवनमा पारेको प्रभावलाई बताइदिएर विश्वको नै ध्यान तान्नुभयो । उहाँको सम्बोधनले झन्डै १९२ देशका सहभागीहरूको ध्यान खिच्यो।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा सम्मन्न भएको १५ औँ कोपमा भाग लिन पनि तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नेपाली प्रतिनिधि टोली सहभागी भएका थियो । त्यस बेलादेखि नै नेपालले हिमालको मुद्दालाई प्राथमिकता दिएर मुख्य एजेन्डास्वरूप कोपमा लिएर जाने गरेको थियो।

जलवायु परिवर्तनको असरहरूको कारणले पर्वतीय क्षेत्रहरूको पारिस्थितिकिय प्रणाली, जनजीवन र जैविक विविधतामा परिरहेको नकरात्मक असरका बारेमा नेपालले सन् २००९ देखि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनलगायत अन्तरराष्ट्रिय मञ्चहरूमा नेपालले निरन्तर आवाज उठाउँदै आइरहेको छ । पैरवीलाई निरन्तरता दिँदै यतिबेला काठमाडौँमा सगरमाथा संवादको आयोजना भइरहेको हो। रासस

# को हुन् मदन भण्डारी ?



मदनकुमार भण्डारी (विसं २००९–२०५०) नेपालका राजनीतिज्ञ तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी–लेनिनवादी) का नेता थिए । जनआन्दोलन २०४६ मा वाममोर्चाबाट सकृय रहेका भण्डारीले नेपाल कम्युनिष्ट पार्टी (माक्र्सवादी–लेनिनवादी) र मनमोहन अधिकारीद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिष्ट पार्टी (माक्र्सवादी) लाई एकीकरण गरी नेकपा (एमाले) गठन गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए । उनले प्रतिपादन गरेको बहुदलीय जनवादको नीति पछ्याउँदै नेकपा (एमाले) बहुलबादी राजनीतिमा अगाडि बढी आम निर्वाचन २०४८ मा भाग लिई देशको प्रमुख प्रतिपक्षको रूपमा स्थापित भएको थियो । लेनिनले सबैभन्दा पहिला संसारमा स्थापित गरेको सोभियत समाजवाद असफल भएर विश्व कम्युनिष्ट आन्दोलनले गम्भीर धक्का खाएका बेलामा पनि माक्र्सवादको सिर्जनात्मक प्रयोग गर्दै नेपालमा जनताको बहुदलीय जनवादको सिद्धान्त प्रतिपादन गरे ।

मदनकुमार भण्डारीको जन्म २००९ साल असार १४ गते (जुन २७, १९५२) तत्कालीन पूर्वाञ्चलको ताप्लेजुङ जिल्लाको ढुङ्गेसाँघुमा भएको हो । पिता देवीप्रसाद भण्डारी र माता चन्द्र कुमारीको माहिला छोराको रूपमा ब्राह्मण परिवारमा भण्डारीको जन्म भयो । उनको प्रारम्भिक शिक्षा जन्मथलोबाटै शुरू भयो । विसं २०१५ साल गाउँमै एउटा हिउँदे पाठशाला (जुन वर्षायाममा बन्द हुन्थ्यो)बाट औपचारिक शिक्षातर्फ प्रवेश गर्ने भण्डारी अप्ठेरा पाठहरू भए पनि दुईपटक आफ्नो कानमा परेपछि सधैँका लागि कण्ठ गर्नसक्ने र बाल्यकाल मै चण्डी कण्ठाग्र गर्ने गर्नाले उनी जिल्लाभर चर्चित भए, यद्यपि उनले अक्षरहरू चिनिसकेका थिएनन्। उनका बुबा गाउँका थराना गर्ने (गाउँलेहरूले दिएको सुब्बाको मान) पाएकाले माया पाए, दुःख भएन । हिलो धूलोमा पढ्न पनि परेन । विसं २०२३ मा गाउँमा उपलब्ध पढाई सके।

२०२४ सालमा उनको परिवार ताप्लेजुङबाट मोरङको इटहरामा सर्यो । उनी भारतको मथुरामा अध्ययन गर्न गए। दुई वर्ष मथुरामा बिताएपछि २०२८ मा देहरादुनबाट बनारस पुगेका भण्डारीले २०२३ सालमा बनारस विश्वविद्यालयबाट भाषा साहित्यमा स्नातकोत्तर गरे।

२०२८ सालमा पुष्पलालसँगको भेटपछि उनी राजनीतिमा लागेका हुन्। २०२९ सालमा पुष्पलालको पार्टीले जनवादी सांस्कृतिक मोर्चाको निर्माण ग¥यो । त्यसको अध्यक्षमा युद्धप्रसाद मिश्र र महासचिव मोदनाथ प्रश्रित थिए भने भण्डारी केन्द्रीय सदस्य थिए। २०३० सालमा पार्टीको पूर्णकालीन कार्यकर्ता भए।

अन्याय सहन नसक्ने उनको आफ्नै खालको विद्रोही स्वभाव, विषयवस्तुको उच्चतम् ज्ञानको आधार, साहित्य र सिर्जना मार्फत नवीन चिन्तनको विकासले उनलाई बनारसमा सङ्गठित रूपमा क्रियाशील राजनीतिककर्मीहरूसँग नजीकिने वातावरण बनायो। २०३३ सालमा मुक्तिमोर्चा समूहको निर्माण गरियो । त्यसको निर्माणमा सक्रिय रहेका नेताहरू पुष्पलालको पार्टीसँग विद्रोह गरी २०३४ सालमा नेकपा (माले)को स्थापना हुनुभन्दा पूर्वको को–अर्डिनेसन केन्द्रमा आवद्ध भई मुक्तिमोर्चा समूहलाई नै त्यसमा विलय गराइयो। २०३५ सालमा नेकपा (माले) स्थापना भयो र उनी केन्द्रीय सदस्य बने।

२०४१ साल वैशाखमा भण्डारी पार्टीको पोलिटब्युरो सदस्य र २०४६ सालमा नेकपा (एमाले)को चौथो महाधिवेशनमा महासचिव बने। २०४७ सालमा भूमिगत जीवनबाट बाहिर आई माले–माक्र्सवादी एकीकरणबाट उनी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी–लेनिनवादी)को महासचिव बने।

२०४८ सालको संसदीय निर्वाचनमा नेकाका तत्कालीन सभापति एवम् अन्तरिम प्रधामन्त्री कृष्णप्रसाद भट्टराईलाई परास्त गरी काठमाडौँ क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित भए।

उनको विवाह २०३९ सालमा विद्या पाण्डेसँग भयो। उनीहरूबाट उषाकिरण र निशाकुसुम नामका दुइटी छोरी जन्मिए । बहुदलीय जनवादका ब्याख्याता भण्डारीको २०५० जेठ ३ गते चितवनको दासढुंगामा रहस्यमय दुर्घटनामा मृत्यु भएको थियो । जीवराज आश्रितको मृत अवस्थामै गाडीमै शव भेटिएको थियो भने मदन भण्डारीको घटनास्थलदेखि धेरै तल नारायणी नदी किनारमा तीन दिनपछि शव भेटिएको थियो। यो घटनाको छानबिन गर्न धेरै आयोग बने पनि तिनले पनि वास्तविकता बाहिर ल्याउन सकेनन् । यसै रहस्यमय दुर्घटनामा आधारित भएर चलचित्र निर्देशक मनोज पण्डितले दास ढुंगा चलचित्र निर्देशन गरेका छन्। (विकि)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# जबजकै कारण एमाले मुलुकको निर्णायक शक्ति बन्योः महासचिव पोखरेल

**काठमाडौ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले एमाले जनताको बहुदलीय जनवादकै जगमा देशको प्रमुख राजनीतिक शक्ति बन्न सफल भएको बताएका छन । मदन आश्रित स्मृति दिवसका अवसरमा शनिवार पार्टीको पूर्वमुख्यालय स्थलमा आयोजित कार्यक्रममा नेता पोखरेलले तत्कालिन महासचिव मदन भण्डारीको नेतृत्वमा विकास भएको जबजकै जगमा पार्टीले २०५१ सालमा संसद्को सबैभन्दा ठूलो दल बनेको उल्लेख गरे । 'एमाले त्यसयता निरन्तर राष्ट्रिय राजनीतिको एक निर्णयकारी शक्तिका रुपमा रहनुमा जबजको मुख्य योगदान छ', उनले भने । निरंकुश राजतन्त्र समाप्त गर्न तथा जातीय भड्काउ तथा हिंसात्मक नीतिहरुलाई परास्त गर्न पनि जबजले मद्दत गरेको उनको भनाइ थियो ।
पार्टीमाथिको प्रतिबन्धलगायत विभिन्न समयमा चुनौतिको सामना गर्दै पार्टी अघि बढिरहेको उनले उल्लेख गरे । 'विसं २०५४ सालको पार्टी विभाजन, संविधानसभाको चुनावमा निराशाजनक परिणाम र दोस्रो पटक समेत पार्टी विभाजनबाट उठाएर पार्टीलाई अघि बढाउन जबजले मार्गदर्शन गरेको छ', उनले भने ।
मदन भण्डारी र एमालेका तत्कालिन सङ्गठन विभाग प्रमुख जीवराज आश्रित पार्टीकार्यको शिलशिलामा पोखराबाट चितवनतर्फ जाँदै गर्दा २०५० साल जेठ ३ गते दासढुङ्गामा भएको सवारी दुर्घटनामा परी निधन भएको थियो ।रासस

# कतारका विशेष दूतसँग विपीन जोशीको रिहाइबारे पुनः आग्रह

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले कतारको विदेश मन्त्रालयका जलवायु परिवर्तन तथा दिगोपनसम्बन्धी विशेष दूतसँग विपीन जोशीको अवस्था र स्वदेश फिर्तीका लागि थप पहलका लागि आग्रह गरेकी छन ।
सगरमाथा संवादमा सहभागिताका लागि काठमाडौँ आएका कतारको विदेश मन्त्रालयका विशेष दूत बदर उमर इस्माइल अल दफासँग शुक्रबार भएको भेटका क्रममा मन्त्री डा राणाले सो आग्रह गरेको हो । परराष्ट्रमन्त्री डा राणासँग भएको शिष्टाचार भेटका क्रममा हमासको अपरहणमा परेका नेपाली युवक विपीन जोशीको अवस्थाका बारेमा कुराकानी भएको थियो ।
मन्त्री डा राणाले विपीन जोशीको रिहाइ र नेपाल फिर्तीका लागि कतारले गर्दै आएको प्रयासका लागि धन्यवाद ज्ञापन गर्दै यस विषयमा निरन्तर पहल जारी राख्न र जोशीको रिहाइका लागि थप पहल गरिदिन पुनः आग्रह गरेकी थिईन । यसअघि पनि मन्त्री डा राणाले कतारका विदेशमन्त्री तथा इजरायलसँग हमासको



शान्ति वार्ताका प्रमुख मध्यस्थकर्तासँग विपीनको रिहाइका लागि आवश्यक पहल गरिदिन बारम्बार आग्रह गरेकी छन । सन् २०२३ देखि नै हमासद्वारा बन्धक बनाइएका नेपाली विद्यार्थी विपीन जोशीको रिहाइ र स्वदेश फिर्ताको लागि सहयोग गर्न मन्त्री डा राणाले विश्व समुदायसँग आग्रह गर्दै आएकी छन । साथै शुक्रबारको सो भेटका क्रममा मन्त्री डा राणाले सगरमाथा संवादमा भएको कतारको सहभागिताका लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा जलवायु परिवर्तनको असर कम गर्नका लागि गर्न सकिने सहकार्यका बारेमा पनि कुराकानी गरे थिईन ।त्यसैगरिपरराष्ट्रमन्त्री डा आरजु राणा देउवासँग जापानका उपविदेशमन्त्री इकुइनो अकिकोले शनिवार शिष्टाचार भेटवार्ता गरेकी छन ।त्यस अवसरमा मन्त्री डा राणाले उपमन्त्री अकिकोलाई सगरमाथा संवादमा सहभागी हुनुभएकामा धन्यवाद व्यक्त गरिन । साथै मन्त्री डा राणाले सिन्धुली बर्दिवास बाटोको पुनर्निर्माण तथा मर्मतसम्भारका लागि सहयोग गरेकामा जापान सरकारलाई धन्यवाद ज्ञापन ग रेको उनको निजी सचिवालयले जनाएको छ ।गत वर्ष आएको अविरल वर्षाका कारण सो बाटोमा ठूलो क्षति पुगेको छ । जापान सरकारको अनुदानमा निर्मित सो बाटोको मर्मत तथा पुनर्निर्माणका लागि नेपाल सरकारले अनुरोध गरेपछि जापानले सहयोग गर्ने भएको हो । मन्त्री डा राणा र जापानी उपविदेशमन्त्रीबीच दुई देशको सम्बन्धका विविध विषयमा कुराकानी भएको थियो मन्त्री डा राणाले नेपालको आर्थिक, सामाजिकलगायत क्षेत्रमा विगत लामो समयदेखि जापानले पु¥याउँदै आएको सहयोगका लागि पनि धन्यवाद ज्ञापन गरेकी थिईन ।
मन्त्री डा राणाले नेपालले अन्तरराष्ट्रिय मञ्चमा उठाउँदै आएको जलवायु न्यायका पक्षमा ऐक्यबद्धता जनताउन र सहयोगका लागि जापानसँग आग्रह पनि रेकी थिईन ।रासस

# देशको तीव्र विकासका लागि एमालेको बहुमतको सरकार चाहिन्छः प्रधानमन्त्री

**काठमाडौँ**
प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको तीव्र विकासका लागि एमालेको बहुमत सरकार आवश्यक भएको बताएका छन ।
राष्ट्रिय युवा सङ्घ नेपालको केन्द्रीय शिक्षा विभागद्धारा शनिवार एमाले पार्टी कार्यालय, च्यासलमा आयोजित युवा उद्यमी सम्मान तथा पार्टी प्रवेश कार्यक्रममा उनले देशलाई बिगार्न नदिन र बिना व्यवधान सुशासनलाई तीव्र गतिले अगाडि बढाउन एमालेको बहुमतको सरकारका आवश्यक भएको बताएका हुन ।
'मुलुकका लागि एमालेको नेतृत्व आवश्यक रहेको बुझ्न हामीले ढिला गर्यौं, स्वार्थ समूहको भ्रमबाट मुक्त हुनुपर्छ, एमालेलाई आगामी निर्वाचनमा बहुमत दिन युवाले साथ दिनुपर्छ', अध्यक्ष ओलीले भने, 'म युवालाई एमालेमा आउनुस् एकै पटक एमालेको अध्यक्ष बनिहाल्नोस् भनेर उकास्न चाहन्न । एमालेमा आउनुस्, काम र अनुभव हासिल गर्दै नेतृत्वमा पुग्न सकिन्छ ।' उनले मेस्सी, एम्बापे जस्ता फूटबल खेलाडी एकै पटक नबनेको प्रसङ्ग उल्लेख गर्दै उनले रहर लाग्ने वित्तिकै चिकित्सक, इञ्जिनियर कोही नबन्ने भनाइ राखे ।
कार्यक्रममा युवा चिकित्सक, इञ्जिनियरसहित करिब १०० जना एमालेमा प्रवेश गरेका थिए । त्यस अवसरमा स्वदेशमै केही गर्न सकिन्छ भन्ने सोचका युवा व्यवसायीलाई सम्मान गरिएको थियो ।रासस

# गलत विचारका आधारमा वाम एकता हुन सक्दैनः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सही विचारबिना धेरैतिर फर्किएकाहरूलाई वामपन्थी एकतामा ल्याउन नसकिने बताएका छन ।
एमालेका तत्कालीन महासचिव जननेता मदन भडारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको स्मृति दिवसका अवसरमा शनिवार मदननगर बल्खुमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले एकताका लागि एकता नभई सही विचारमा अरूलाई सहमत गराएर पार्टीमा ल्याउने नीति लिनुपर्नेमा जोड दिए ।
'सही कुरालाई पनि विरोध गरेर बखेडा निकाल्ने प्रवृत्ति कम्युनिष्ट आन्दोलनमा इतिहासदेखि नै देखा पर्दै आए । खास वैचारिक भिन्नता नभए पनि व्यक्तिगत स्वार्थका आधारमा दुई लाइनको कुस्ती चलाइयो ।
पार्टी विभाजन गरेर नामका लागि एकीकृत राख्ने प्रवृत्ति पनि छ', अध्यक्ष ओलीले भने, 'पार्टी प्रवृत्ति भने सही धारमै जान खोज्दै आयो । मदन भण्डारीको अगुवाइमा ल्याइएको जनताको बहुदलीय



जनवादको विचारले कम्युनिष्टहरू निरङ्कुश हुन्छन् भन्ने हामीमाथिको आरोपलाई खण्डन गर्यो । यो विचार राजनीतिक लोकतन्त्रका लागि मात्र होइन आर्थिक र सामाजिक तथा मानव अधिकारका प्रश्नमा समेत राष्ट्रिय नीतिका रूपमा स्थापित भइसकेको छ । यसै जगमा हामीले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न हामी लाग्नुपर्नेछ ।'
प्रधानमन्त्री ओलीले आफूहरूले शक्तिका स्रोत जनता नै हुन् भन्ने मान्यताका साथ जनताको शासन कायम गर्न खोजिएको उल्लेख गर्दै देशभक्ति, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय अखण्डताको मार्गलाई आफूहरूले कहिल्यै नछोडेको स्पष्ट गरे । आफूहरूको नेतृत्वमा सरकार रहेकाले राजतन्त्र फर्काउने प्रतिगमनको प्रयास असम्भव र अस्वीकार्य भएको पनि उनको भनाइ थियो । उनले एमालेको नेतृत्वलाई बदनाम गरेर ढाल्न सकिने पार्टी ढाल्न सकिन्छ भन्ने तत्वहरूले अनेक षड्यन्त्र गरे पनि एमाले हरेक परिस्थितिको सामना गर्न तयार रहेकाले कार्यकर्ताहरूलाई एकताबद्ध भएर ढुक्का साथ अघि बढ्न आग्रह गरिन ।
एमालेले अग्रगतिका लागि निस्क्रिम कामना होइन, सक्रिय हस्तक्षेपको नीति लिँदै बताउँदै उनले विश्वमा दक्षिणपन्थ, जातीयता र अराजकतावादका कारण आन्दोलनमा क्षति भएको उल्लेख गर्दै आफूहरूले त्यस्ता कमीकमजोरी नगरी विविधतालाई सांस्कृति समृद्धि मानेर एकता र शान्तिपूर्ण प्रतिस्पर्धाको बाटो लिएको बताए ।
विगतमा आफूले सरकारको नेतृत्व गर्दा पार्टीभित्रकै विग्रहवादी तत्वका कारण सरकार ढाल्ने र अदालतको आदेशबाट सरकार गठन गराउने गलत अभ्यास भएको पनि उनले टिप्पणी गरे ।
जननेता भण्डारी कम्युनिष्ट आन्दोलनलाई समयानुकूल रूपमका हाँक्ने नीतिकार रणनीतिकार भएको स्मरण गर्दै उनले विश्वमा कम्युनिष्ट आन्दोलन धराशयी हुँदै गएका बेला जबजको वैचारिक अगुवाइमा पार्टीलाई लोकप्रिय र दुई तिहाइको अवस्थासम्म पु¥याएको बताए ।
कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शङ्कर पोखरेल, आश्रित पत्नी माया ज्ञवालीलगायत सहभागी थिए । कार्यक्रममा अध्यक्ष ओलीसहित नेता कार्यकर्ताले दिवङ्गत नेताप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए ।रासस

# दासढुङ्गामा मदन–आश्रित स्मृतिसभा

**चितवन ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का तत्कालीन महासचिव मदनकुमार भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितप्रति श्रद्धाञ्जली दिन शनिवार दासढुङ्गामा स्मृतिसभा सम्पन्न भएको छ ।
एमाले चितवनको आयोजना र मदनभण्डारी फाउण्डेशन चितवनको संयोजनमा भएको सभामा नेता कार्यकर्ताले नेताद्वयको शालिकमा माल्यार्पण गर्नुका साथै शब्दद्वारा श्रद्धासुमन व्यक्त गरेका थिए । दासढुङ्गा मदन–आश्रितको जिप त्रिशूलीमा खसेको स्थल हो ।
सो अवसरमा एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले मदन भण्डारीमा वैचारिक क्षमता अद्भूत रहेको चर्चा गर्दै उनमा जुनसुकै कुरा बुझाउनसक्ने क्षमता रहेको बताए । मदन र आश्रितको परिवारले धेरै ठूलो त्याग गरेको बताउँदै उनले भने, 'हामीले एक दिन दासढुङ्गामा आएर फूल चढाउँछौँ, तर उहाँहरुको परिवारले अभिभावक र परिवारको मुली गुमाएको छ ।'
एमाले स्थायी कमिटी सदस्य एवं सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीले 'जनताको बहुदलीय जनवाद' तीन दशकको अभ्यासबाट प्रमाणित भइसकेको बताए । जीवराजलाई कुशल सङ्गठक हुनुका साथै आदर्श नेता पनि भएको उनको भनाइ छ ।
एमाले बागमती प्रदेशका अध्यक्ष कैलाश ढुङ्गेलले जेठ ३ लाई अध्याँरो दिनका रुपमा चित्रण गरे । जीवराजका छोरा डा सागर न्यौपानेले आजको दिनलाई कालो दिनको सञ्ज्ञा दिँदै षड्यन्त्रपूर्वक देशीविदेशी शक्तिहरुले नेताद्वयको हत्या गरेको बताए ।
कार्यक्रममा एमाले पोलिटब्युरो सदस्य एवं चितवन जिल्ला इञ्चार्ज देवी ज्ञवाली, केन्द्रीय सदस्य एवं बागमती प्रदेश संसदीय दलका नेता जेएन थपलिया, जिल्ला अध्यक्ष कमल पाठक लगायतले बोलेका थिए । विसं २०५० जेठ ३ गते नारायणगढ–मुग्लिन सडकखण्डको दासढुङ्गामा मदन–आश्रितको रहस्यमय जिप दुर्घटनामा निधन भएको थियो ।रासस

# स्वच्छ ऊर्जा उत्पादन क्षमता वृद्धिमा जोड

**काठमाडौँ ।**
सरोकारवालाहरुले दिगो विद्युत् उत्पादनलाई स्वच्छ ऊर्जाको उत्पादन क्षमता वृद्धिमा जोड दिएका छन । शुक्रबारदेखि सुरु भएको सगरमाथा संवादको शनिवार दोस्रो दिनको पाँचौँ समानान्तर सत्रअन्तर्गत 'भविष्यको ऊर्जाः स्वच्छ ऊर्जाको सदुपयोग' विषयमा बोल्दै उनिहरुले ऊर्जा उत्पादन बढाएर निर्यात प्रवद्र्धनका लागि स्वच्छ ऊर्जाको सदुपयोग बढाउन आवश्यक रहेको बताएका छन ।
सत्रमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले जलवायुजन्य चुनौतीका कारण पानीको स्रोत घट्ने र जलविद्युत् उत्पादनमासमेत असर पुग्ने बताए । 'जाडो याममा पानीको स्रोत घट्दा नै नेपालले ऊर्जा भारतबाट आयात गरेर विद्युत् आपूर्ति गराएका छौँ', उनले भने, 'अर्को समस्या भनेको प्रसारण लाइन जडानकै क्रममा धेरैजसो स्थानीय प्रतिरोधको सामना गर्नुपरेको छ, सर्वसाधारणहरु प्रसारण लाइन चाहन्छन्, तर आफ्नै घर अगाडि र पछाडि होइन, अब त्यसलाई कसरी प्रवद्र्धन गर्ने ?'
शाक्यले उद्योगहरूलाई विद्युतीकरण गर्नका लागि भरपर्दो ऊर्जा आवश्यक रहेको बताए । नेपालको प्रसारण प्रणाली निकै कमजोर रहेको भन्दै उनले भने, 'हिजो साँझ मात्रै धेरैपटक लाइन काटियो, किनभने हाम्रो प्रसारण प्रणाली निकै कमजोर छ, एउटा लिङ्क बिग्रिएपछि सिङ्गो प्रणाली नै बन्द हुन्छ ।'
अहिले प्रसारण सञ्जालमा निजी क्षेत्रको सहभागिता पनि खोजिएका र यसका लागि नियामक संरचना आवश्यकपर्ने उनको भनाइ छ ।
'निजी क्षेत्रलाई कसरी समावेश गर्ने भन्ने विषय महत्वपूर्ण छ, नेपाल विद्युत् प्राधिकरणसँग पर्याप्त वित्तीय स्रोत छैन, त्यसैले निजी क्षेत्रलाई आकर्षित गर्नुपर्छ', शाक्यले भने ।
यसैगरी काठमाडौं विश्वविद्यालयका उपकुलपतिका डा अच्युतप्रसाद वाग्लेले हरित ऊर्जा उत्पादन र प्रयोग प्रवद्र्धन गर्न निजी क्षेत्र र सरकारलाई प्रोत्साहित गर्नुपर्नेमा जोड दिए । 'अहिले हामी न्यूनतम ऊर्जा आवश्यकतालाई पूरा गर्न चाहन्छौँ, तर लगानी कहाँबाट जुट्छ ? त्यसैले लगानीका नयाँ स्रोत पहिचान गर्नु अत्यावश्यक छ, केबल सार्वजनिक लगानीको भरमा मात्र यसो सम्भव हुँदैन', उनले भने, 'हरित जलवायुमैत्री लगानीका अन्तरराष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि जोड दिनुपर्छ ।'
जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण प्रभाव कार्य प्लेटफर्म केन्याका निर्देशक डा अदिति मुखर्जीले उच्चस्तरीय क्षमता विकास, प्रविधि हस्तान्तरण र समुदायलाई ऊर्जा रूपान्तरणको केन्द्रमा राख्नुपर्नेमा जोड दिए । 'हिन्दकुश हिमालय क्षेत्रभर जलविद्युतसम्बन्धी उदाहरणमा नेपाल सबैभन्दा सकारात्मक र उत्कृष्ट उदाहरणमध्ये एक बनेको देखिएको छ, ग्रामीण समुदायसँग रोयल्टी साझेदारी गरिएका उदाहरण छन्, ग्रामीण समुदायले जलविद्युत्मा प्रत्यक्ष साझेदारी पाएको उदाहरण पनि छ, यी सबै न्याय सङ्गत ऊर्जा रूपान्तरणमा समुदायलाई कसरी समावेश गर्न सकिन्छ भन्ने उत्कृष्ट अभ्यासका नमुना हुन', उनले भने ।
अन्तरराष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सीका महानिर्देशक फ्रान्चेस्को ला क्यामेराले सौर्य ऊर्जाजस्ता नवीकरणीय ऊर्जा प्रवद्र्धनका लागि सार्वजनिक कोष स्थापनामा जोड दिए ।
उनले भने, 'उदाहरणका लागि, सौर्य ऊर्जा बिक्रीबाट आउने नियमित आम्दानीको केही हिस्सा सार्वजनिक कोषमा राख्ने र त्यो कोषबाट समाजका विपन्न वर्गलाई सहयोग गर्नुपर्छ, उनीहरुले सुरुआतमै फाइदा लिन सक्दैनन् वा सहरमा हुने ग्रिड प्रणाली विकासबाट पछि पर्ने खतरा हुन्छ ।'
सत्रको सहजकर्तासमेत रहनुभएका एशियन इन्स्टिच्युट अफ टेक्नोलोजीका प्राध्यापक शोभाकर ढकालका अनुसार स्वच्छ ऊर्जाको सदुपयोग भनेको सौर्य, वायु, जलविद्युत्, भू–तापीय र बायोमासजस्ता नवीकरणीय ऊर्जा स्रोतको उपयोग गरी समाजलाई ऊर्जा प्रदान गर्ने, जीवाश्म इन्धनमाथिको निर्भरता घटाउने, जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने र दिगो विकास हासिल गर्ने लक्ष्य राखेको एक विश्वव्यापी प्रयास रहेको बताए ।रासस

# जनबलमा सत्तामा पुगेको अध्यक्ष दाहालको दाबी

**डोटी ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनबलमा आफ्नो पार्टी सत्तामा पुगेको दाबी गरेका छन ।
शुक्रबारदेखि सुरु भएको जनतासँग माओवादी (मध्यपहाडी लोकमार्ग) जनता जागरण अभियानअन्तर्गत शनिवार डोटीमा आयोजित जनसभामा उनले माओवादीलाई कुनै राजनीतिक पार्टीले नभई जनताको मतबाट सत्तामा पु¥याएको बताए ।
उनले भने, 'हामीलाई तपाईं हामी जस्तै गरिब, मजदुर, किसान, उत्पीडित वर्ग एवं समुदायले विस्तृत शान्तिसम्झौता हुँदै तीनपटक सरकारको नेतृत्व गर्ने ठाउँसम्म पु¥याएका हुन् ।'
अध्यक्ष दाहालले आत्मालोचना गर्दै आफूहरू जनतामाझ आएको र उनीहरुका पीरमर्का बुझेर तिनलाई सम्बोधनको प्रयास गरिने बताए ।रासस

# ‘आमा समूहसँग उपमेयर’ कार्यक्रममार्फत महिलालाई सीपमूलक तालिम



**म्याग्दी ।**
बेनी नगरपालिकाले सञ्चालन गरेको ‘आमा समूहसँग उपमेयर’ कार्यक्रममार्फत वडा नं १ रत्नेचौरका महिलाहरूलाई बाँसका सामग्री बनाउने तालिम प्रदान गरिएको छ ।

महिलालाई आयआर्जनमूलक व्यवसायमा आबद्ध गराई आत्मनिर्भर, स्वरोजगार र लैङ्गिक हिंसा न्यूनीकरण गर्ने उद्देश्यले सञ्चालन भएको कार्यक्रममार्फत १६ जना महिलाहरूलाई बाँसबाट सजावटका सामग्री र मुडा बुन्ने १५ दिने तालिम दिइएको हो ।

बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले रत्नेचौर र अर्जममा थप ७० जना महिलालाई व्यवसायिक च्याउखेतीसम्बन्धी तालिम दिने, बीउ र प्लास्टिक घर सहयोग गर्ने कार्यक्रम रहेको जानकारी दिए ।

तालिममा सहभागी यामु थापाले बाँस र चोयाबाट मुडाका साथै स्ट्रे, फूलदानी, प्रमाणपत्र राख्ने फ्रेम, चुरादानी, कलम र ब्रसदानी बनाउन सिकेको बताईन । व्यावसायिक रूपमा सामान उत्पादन गरेर प्रशस्त मात्रामा पाइने बाँसको प्रयोग र सीपको सदुपयोग गर्ने योजना रहेको थापाले बताईन ।

समुदायस्तरमा महिला सशक्तीकरण र सामाजिक कामको अगुवाइ गरिरहेका आमा समूहसँग समन्वय गरेर महिलालाई स्थानीय स्रोतसाधन र सम्भावना भएको उद्यम व्यवसाय गरी आयआर्जनका काममा संलग्न गराउन यस वर्ष बेनी नगरपालिकाले रत्नेचौर र वडा नं ५ पुलाचौरमा कार्यक्रम सञ्चालन गरेको छ ।

‘महिला आर्थिक रूपमा सक्षम भए भने हिंसा न्यूनीकरण, रोजगारीको सिर्जना र आत्मनिर्भर भई समाजमा अगाडि आउन सक्ने वातावरण बनाउने प्रयास गरेका हौँ’, उनले भनिन, ‘आर्थिक वर्ष २०७९÷०८० देखि सुरू भएको चालु आर्थिक वर्षमा रु २० लाख बजेट विनियोजन भएको छ ।’

पुलाचौर आमा समूहमार्फत सेतोढुङ्गा, पुलाचौर, नयाँगाउँ र डडुवामा १२५ जनालाई च्याउखेती, १३२ जनालाई धुप बनाउने र १७ जनालाई सिलाइकटाइ तालिम प्रदान गरिएको छ ।

च्याउखेती र धुप बनाउने समूहलाई दुई÷दुई दिन तालिम, बीउ, एक÷एक वटा टनेल सहयोग गरिएको छ । तीन महिने सिलाइकटाइ तालिममा सहभागीलाई उपकरण पनि सहयोग गरिएको छ । रासस

# गाउँ–गाउँका किसानको पहुँचमा आधुनिक कृषियन्त्र

**बागलुङ ।**
एक दशक अगाडिसम्म परम्परागत खेती प्रणाली अपनाएका बागलुङका किसान पछिल्लो समय आधुनिक यन्त्रको प्रयोग गर्न थालेका छन् । उनीहरूले खेतबारी जोत्न, धान, गहुँ काट्न र चुट्न आधुनिक यन्त्रको प्रयोग गर्न थालेका हुन् ।

जिल्लाको ग्रामीण क्षेत्रसम्मै किसानले यान्त्रिक हलो, ‘थ्रेसर मेसिन’, चाप कटरलगायतका यन्त्रहरू प्रयोग गर्दै आएका छन् । कामलाई छिटो हुने र शनक्ति कम लाग्ने हुँदा हिजोआज आधुनिक यन्त्रणको प्रयोग गर्न थालेको गलकाट नगरपालिका–८ का किसान बलिभद्र सापकोटाले बताए । पहिले आठ÷दश मुरी गहुँ काट्नका लागि १२ जना खेतलाले दिनभरि काम गर्नुपरेको स्मरण गर्दै उनले अहिले ‘थ्रेसर मेसिन’ले एकैछिनमा काम गर्न सकिने अनुभव सुनाए ।

उनले भने ‘गाउँमा पहिले हल गोरूले बारी जोत्ने, थुप्रै खेताला लगाएर धान, गहुँ काट्ने र भित्र्याउने गरिन्थ्यो, अहिले पहिलेको जस्तो खेतला पनि पाइँदैनन्, धेरैले मेसिन लिएर बारीमा काम गर्न थालेका छन्, मान्छेले दिनभरि गर्ने काम मेसिनले एकै घण्टामा गर्छ, धेरै झन्झटिलो पनि भएन, त्यही भएर अहिलेका मान्छेहरू ऋण गरेर भए पनि मेसिन किन्न थालेका छन् ।’

काठेखोलाका किसान कुलप्रसाद कँडेलले बाली लगाउन र भित्र्याउनका लागि मेसिनले ठूलो भूमिका खेलेको बताए । पछिल्लो समय युवा शक्ति विदेश पलायन भएपछि गाउँमा खेतलासमेत पाइन छोडेको उनको भनाइ छ । अब सरकारले हरेक किसानलाई आधुनिक प्रविधिसँग जोडेर उत्पादन बढाउनका लागि सहयोग गर्नुपर्ने कँडेल बताउछन ।

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बर्सेनि यहाँका किसानलाई ‘मिनिटेल हलो’, चाप कटर, थ्रेसर मेसिनलगायतका यन्त्रहरू अनुदानमा दिँदै आएको बताए । आधुनिक यन्त्रले किसानलाई उत्पादनमा ठूलो टेवा पु¥याएको उनको भनाइ छ ।

‘परम्परागत खेती प्रणाली विस्तारै कम हुँदै गएको छ, अहिले त गाउँ–गाउँमा आधुनिक हलो, थ्रेसरलगायतका थुप्रै औजारहरू भित्रिएका छन्, जसले किसानको कामलाई सहज बनाएको छ भने, उत्पादनमा पनि केही वृद्धि हुन थालेको हामीहरूले महसुस गरेका छौँ’, अध्यक्ष थापाले भने, ‘गाउँपालिकाले किसानका आवश्यकताका आधारमा अनुदानमा उपकरण दिन्छौँ ।’रासस

# पन्ध्र वर्षपछि सक्रिय हुँदै बाँकेका पुराना खेलाडी

**नेपालगञ्ज ।**
राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा ख्याति कमाएका बाँकेका पुराना खेलाडी पुनः सक्रिय हुन थालेका छन् ।

बाँकेमा पूर्वखेलाडी सङ्घ गठन गरेर खेलकुदको विकास र यस क्षेत्रलाई खेलकुदमा चिनाउन भन्दै पुराना खेलाडी सक्रिय हुन थालेका छन ।

भलिबलका पुराना राष्ट्रिय खेलाडी राकेश श्रीवास्तवले करिब १५ वर्षपछि आफू खेलकुदमा सक्रिय हुन थालेको जानकारी दिँदै सामाजिक उत्तरदायित्वका कारण पनि खेलप्रतिको निष्ठा कायम रहेको बताए ।

उनले २०३० देखि २०४२ सालसम्म भलिबलको राष्ट्रिय खेलाडीका रूपमा योगदान गरेको उल्लेख गर्दै विगतमा जागिरे जीवन भएका कारण केही कठिनाई झेल्नुपरेको बताए । ‘जिल्ला ओझेलमा परेकाले पनि यसलाई पुनः जगाउने प्रयास गरिएको छ’, उनले भने ।

पूर्वखेलाडी समाजका कार्यवाहक अध्यक्ष निजामुद्दिन सिद्दिकीले करिब १० वर्षपछि आफू खेलकुदमा सक्रिय हुन थालेको जानकारी दिँदै सबै ठाउँमा खेलकुदका कार्यक्रम भए पनि नेपालगञ्जमा कम हुन थालेको गुनासो गरे ।

उनले २०३२ देखि २०५० सालसम्म फूटबल र हकीको खेलाडीका रूपमा खेल खेलेको उल्लेख गर्दै विगत केही वर्षअघि भारतको दक्षिण एसियाली खेलमा समेत सहभागी भएको बताए ।

‘सबै ठाउँमा केही न केही खेलकुद भइरहेको छ तर नेपालगञ्जमा पुराना खेलाडीको बाहुल्य रहे पनि खेलकुद नभएकाले त्यसलाई पुनः सक्रिय गराउन खोजिएको छ’, अध्यक्ष सिद्दिकीले भने ।

पूर्वखेलाडी समाज, बाँकेले आगामी जेठ ९ र १० गते ब्याडमिन्टन १६ देखि १८ गतेसम्म नेपालगञ्जमा भलिबल प्रतियोगिता आयोजना गर्न थालेको छ ।

ब्याडमिन्टनमा तीन लाख ५० हजार रुपैयाँ र भलिबल खेलमा चार लाख ५० हजार रुपैयाँ खर्च हुने समाजका अध्यक्ष निजामुद्दिन सिद्दिकीले जानकारी दिए । सो खेलका लागि नेपालगञ्ज उपमहानगरपालिकाले आर्थिक सहयोग गरेको छ ।

ब्याडमिन्टन अण्डर १५ मा प्रथम द्वितीय र तृतीयलाई १० हजार रुपैयाँ, पाँच हजार र दुई हजार ५०० रुपैयाँ, मेन्स डबल्समा प्रथम, द्वितीय र तृतीय हुने टिमलाई २० हजार रुपैयाँ, १५ हजार र १० हजार रुपैयाँ पुरस्कार वितरण गरिने कावा अध्यक्ष सिद्दिकीले बताए । नकआउट प्रणालीमा खेलाइने प्रतियोगितामा भलिबलतर्फ महिला र पुरूष गरी २५ टिम र ब्याडमिन्टनतर्फ ७५ खेलाडी सहभागी रहने छन् । रासस

# अमेरिकी सर्वोच्च अदालतले आप्रवासी निष्कासन गर्न लगायो रोक, ट्रम्प आक्रोशित



**वासिंगटन डिसी ।**
भेनेजुएलाका आप्रवासीहरूलाई देश निकाला गर्ने अमेरिकन राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णयमाथि अमेरिकी सर्वोच्च अदालतले शुक्रबार रोक लगाएको छ ।

धेरै आप्रवासीहरू हाल टेक्सासको हिरासत केन्द्रमा राखिएका छन्। ट्रम्प प्रशासनले १७९८ को ‘एलियन एनिमिज एक्ट’ मार्फत उनीहरूलाई जतिसक्दो चाँडो देशबाट निकाल्न चाहेको थियो।

तर, ट्रम्प प्रशासनको निर्णयलाई रोक्दै अदालतले देशबाट निकाल्नु अघि सरकारले कानुनी प्रक्रिया पूरा गर्ने अवसर दिनुपर्ने बताएको छ । अदालतले यो पनि भनेको छ कि ट्रम्प प्रशासनले अवलम्बन गरेको तरिका जस्तै आप्रवासीहरुलाई २४ घण्टा भित्र बिना सुनुवाई देश बाहिर पठाउने तरिका बिल्कुलै ठीक छैन्, यो गलत हो ।

एलियन एनिमिज ऐन युद्धकालीन कानून हो, जसमा देशबाट शत्रुहरूलाई निष्कासन गर्न कुनै कानुनी कारबाही गर्नु पर्दैन। तर, यसलाई अमेरिकी संविधानका केही प्रावधानहरूमार्फत अदालतमा चुनौती दिइएको थियो।

यस निर्णयको अर्थ आप्रवासीहरूलाई उनीहरूलाई किन निर्वासन गरिँदैछ भनेर जान्न र अदालतमा चुनौती दिने अधिकार रहेको छ। तर, यो निर्णय अस्थायी हो र यसबारे सम्पूर्ण कानुनी लडाइँ अझै बाँकी नै रहेको छ ।


सर्वोच्च अदालतले यो मुद्दालाई तल्लो अदालत (पाँचौं सर्किट अदालत) मा फिर्ता पठाएको छ ताकि त्यहाँ अझ राम्ररी सुनुवाइ होस्। यो त्यही अदालत हो, जसले अप्रिलमा यस मुद्दामा हस्तक्षेप गर्न अस्वीकार गरेको थियो।

यसपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अदालतको फैसलाप्रति असन्तुष्टि व्यक्त गरेका छन् । उनले आफ्नो सामाजिक सञ्जालमा लेखेका छन्, ‘सर्वोच्च अदालतले अपराधीलाई देश निकाला गर्न दिँदैन्।’एजेन्सी

# बुल्दीखोलामा छ करोडमा पक्की पुल निर्माण

**तनहुँ ।**
तनहुँको व्यास नगरपालिका–१ र २ जोड्ने बुल्दीखोलामा छ करोड रुपैयाँ भन्दा बढी लागतमा पक्की पुल निर्माण गरिएको छ । सम्झौताभन्दा चार महिनाअगावै यहाँ पक्की पुल निर्माण सम्पन्न भएको हो ।

छ करोड ५६ लाख ४३ हजार २७२ रुपैयाँ लागत अनुमान गरिएको पुलको ठेक्का छ करोड एक लाख १७ हजार ३२४ रुपैयाँ मा लागेको थियो । पुल निर्माणका लागि सङ्घ सरकारबाट एक करोड ३५ लाख रुपैयाँ सहयोग भएको थियो भने बाँकी रकम नगरपालिकाको स्रोत रहेको नगरपालिकाका सहायक प्रशासकीय अधिकृत भेषराज तिवारीले जानकारी दिए ।



विसं २०८० फागुन २३ गते सम्झौता पुलको काम वैशाख २२ गते सम्पन्न भएको थियो । विसं २०८२ भदौ ३० गतेसम्म पुल सम्पन्न गर्ने म्याद रहेको छ । पच्चीस मिटर लामो पुल सिङ्गल स्पान प्रविधिको हो । ज्वालामुखी कन्स्ट्रक्सन प्रालिले पुल निर्माण गरेको हो । पुल निर्माणपश्चात् दुई वडाका सर्वसाधारण लाभान्वित हुनेछन् ।

पक्की पुल निर्माण भएको स्थानमा यसअघि ह्युमपाइप कल्भट राखेर यातायात सञ्चालन भइरहेको थियो । बर्सातको समयमा बुल्दीखोलामा बाढी आउँदा उक्त कल्भर्टले पानीको बहावलाई रोक्दा वरपरको स्थानमा डुबान हुने गरेको थियो ।

जसका कारण आसपासका घर जोखिममा परेको र बसपार्क जान समेत समस्या हुँदै आएकामा अब भने सहज हुने भएको छ ।

यसैबीच निर्माण सम्पन्न भएको पुलको शुक्रबार सार्वजनिक परीक्षण गरिएको छ । व्यास नगरपालिकाको आयोजनामा तेस्रो पक्ष मूल्याङ्कन, स्थलगत अनुगमन तथा सार्वजनिक परीक्षण गरिएको हो ।

उक्त कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, उपप्रमुख इन्दिरा दरै, विभिन्न वडाका अध्यक्ष, टोल विकास संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा नगरपालिका अनुगमन तथा मूल्याङ्कन समितिबाट पुलको अनुगमन हुनुका साथै पूर्वाधार विकास कार्यालय तनहुँका इञ्जिनियर विजय थापाको पुलको पुनः मूल्याङ्कन गर्ने काम गरिएको छ । रासस

# डब्लुएचओले भन्यो: पपुवा न्यूगिनीमा पोलियो प्रकोप ‘आउट ब्रेक’

**काठमाडौं ।**
विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले पपुवा न्यू गिनीमा पोलियो प्रकोप ‘आउट ब्रेक’ भएको घोषणा गरेको छ ।

डब्लुएचओ सो प्रकोपको घोषणा गर्दै तत्काल खोप अभियान सुरू गर्नु पर्नेसमेत जनाएको छ।

देशको उत्तर पूर्वको तटीय सहर लेसमा मा नियमित स्क्रिनिङको क्रममा दुई स्वस्थ बालबालिकामा अत्यधिक संक्रामक भाइरसका नमूनाहरू फेला परेको उसको भनाइ छ ।

देशको आधा भन्दा कम जनसंख्यालाई सम्भावित घातक रोग विरुद्ध खोप लगाइ सकिएको छ ।

विश्वब्यापी पोलियो उन्मुलनको चरणमा रहेको बेला हालै विश्वका केही भागहरूमा यो पुनः देखा परे पछि नयाँ चिन्ता सुरू भएको छ ।



‘हामीले यसको बारेमा केहि गर्नुपर्छ, र यो पनि हामीले तुरुन्तै गर्नु पर्छ,’ पपुवा न्यू गिनीमा डब्ल्यूएचओका प्रतिनिधि सेभिल हुसेनोभाले भने । र, बेलैमा खोप नभएको खण्डमा पोलियो देश बाहिर फैलिन सक्ने पनि उनको चेतावनी छ ।

‘हामीले १०० प्रतिशत खोपे कभरेज प्राप्त गर्न अधिकतम प्रयास गर्नुपर्छ,’ डा हुसेनोभाले भने, ‘पोलियोलाई कुनै सिमाना थाहा हुँदैन ।’

यो रोग पोलियोभाइरसको कारणले हुन्छ, जुन संक्रमित व्यक्तिले खोक्दा र हाच्छ्यु गर्दा उसको दिसा वा थोपाको सम्पर्कबाट सर्छ। यसले प्रायः पाँच वर्ष मुनिका बालबालिकालाई असर गर्ने गर्दछ। र, पोलियोको कुनै उपचार पनि छैन् ।

पोलियोबाट संक्रमित थोरै व्यक्तिहरू मध्ये एक हजारमा एक र सयमा एकको बीचमा अझ गम्भीर समस्याहरू विकास गर्दछ, जसले पक्षाघात निम्त्याउन सक्छ। यो पनि तब हुन्छ, जब रोगले मुटुमा हान्छ । विशेष गरी जब पक्षाघातले सास फेर्न प्रयोग गरिने मांसपेशीहरूलाई असर गर्छ।

खासमा पपुवा न्यु गिनी सन् २००० देखि नै पोलियोमुक्त भएको भनिएको थियो तर सन् २०१८ मा नयाँ रोगी फेला पारिए पछि यो अवस्था यतिखेर डरलाग्दो बनेको हो । भर्खरै पनि इन्डोनेसियामा फैलिएको एउटा नयाँ भाइरससँग आनुवंशिक रूपमा पोलियो जोडिएको भाइरसको तनावको बिषय बनेको थियो ।

पपुवा न्यू गिनीले इन्डोनेसियाको पूर्वी भागमा रहेको पपुवा प्रान्तसँग सिमाना बाँडेको छ ।यद्दपी, स्वास्थ्यमन्त्री इलियास कपाभोरले यो वर्षको अन्त्यसम्ममा देशलाई शतप्रतिशत पोलियो खोप उपलब्ध गराउने वाचा गरेका छन् ।एजेन्सी

# हङकङ र सिंगापुरमा देखियो कोरोना १९ को नयाँ भाइरस, यसबर्षको नै उच्च

**हङकङ ।**
कोरोनाका कारण विश्वभर आतंक मच्चाएपछि अब फेरि नयाँ कोरोनाले प्रवेश गरेको छ ।

एसियाको हङकङ र सिङ्गापुरमा कोरोनाका नयाँ संक्रमित भेटिएका छन् । सघन जनसंख्या भएको हङकङ र सिङ्गापुरका स्वास्थ्य अधिकारीहरूले एसियामा कोभिड–१९ को लहरको पुनरुत्थानका कारण कोभिड–१९ का केसहरू तीव्र गतिमा बढिरहेको चेतावनी दिएका छन्।

हङकङमा भाइरसको प्रकोप निकै उच्च रहेको सहरको स्वास्थ्य सुरक्षा केन्द्रको सरुवा रोग शाखाका प्रमुख अल्बर्ट एउले स्थानीय सञ्चारमाध्यमलाई बताएका छन् । उनका अनुसार कोभिड–१९ को पोजिटिभ केसको प्रतिशत एक वर्षकै अहिले उच्च पुगेको बताए । केन्द्रको तथ्याङ्कले मे १३ सम्मको हप्तामा ३१ गम्भीर घटनाहरू रिपोर्ट गरिएको देखाएको छ, जुन गत वर्षकै उच्च हो।

तथ्याङ्कले मृत्युसहित गम्भीर केसहरूमा चिन्ताजनक वृद्धि देखाएको छ । जुन लगभग एक वर्षमा चरम बिन्दुमा पुगेको छ। तर, संक्रमणको यो संख्या पछिल्लो दुई वर्षमा देखिएको संक्रमणको चरमसँग भने मेल खाँदैन। यो भाइरस सम्बन्धी रोगका कारण ७० लाखभन्दा बढी मानिस अस्पतालमा भर्ना भएका थिए ।

तर, नयाँ बिकसित कोरोना–१९ का कारण सिंगापुर अहिले उच्च सतर्कतामा छ। स्वास्थ्य मन्त्रालयले यस महिना लगभग एक वर्षमा संक्रमण संख्यामा पहिलो अपडेट जारी गरेको हो । गत मे १३ सम्मको हप्तामा केसहरूको अनुमानित संख्या अघिल्लो सात दिनको तुलनामा २८ प्रतिशतले बढेर १४ हजार २०० पुगेको छ ।एजेन्सी



# अग्रगामी संविधान संशोधन गर्न हामी तयार छौँ : नारायणकाजी श्रेष्ठ

*काठमाडौँ ।*

*नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष तथा राष्ट्रियसभाका सदस्य नारायणकाजी श्रेष्ठले संविधानका सबै उपलब्धिको रक्षा गर्ने गरी अग्रगामी हिसाबले संविधान संशोधन गर्न आफूहरू तयार रहेको बताएका छन ।*

*उनले पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानका लागि तथा महङ्गो र भ्रष्टीकृत निर्वाचन प्रणालीलाई परिवर्तन गर्नुपर्छ भनी पार्टीले भन्दै आएको स्पष्ट पारे ।*

*गोरखाको जौबारीमा विसं २०१६ मा जन्मिएका उनले २०३८ सालमा कम्युनिष्ट पार्टीको सदस्यता लिए । उनि विसं २०४७ मा एकता महाधिवेशनबाट नेकपा –एकता केन्द्र) को पोलिटब्युरो सदस्य, विसं २०५१ मा सचिव, महासचिव हुँदै मसालको महामन्त्री भए । २०६२÷०६३ को जनआन्दोलनसँगै एकता केन्द्र–मसाल र नेकपा माओवादीको एकीकरणपछि उपाध्यक्षको जिम्मेवारी पाए ।श्रेष्ठ विसं २०६८ मा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, गृहमन्त्री तथा विसं २०७१ मा भौतिक पूर्वाधार तथा यातायातमन्त्री तथा सोही सालमै गृहमन्त्री बने । नेपालको बामपन्थी एकता अभियानमा निरन्तर लागेका श्रेष्ठले गृह मन्त्रालयको नेतृत्वमा रहँदा भ्रष्टाचार र सुशासनको पक्षमा चल्नुभएको कदमले उनलाई थप परिचित गरायो ।*

*मुलुक संसदीय अभ्यास, राजनीतिक स्थिति, शान्ति सुव्यवस्था, परराष्ट्र नीति, पार्टीका अभियानलगायत समसामयिक विषयमा केन्द्रित रही उपाध्यक्ष श्रेष्ठसँग राष्ट्रिय समाचार समिति (रासस)का प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने र समाचारदाता सुशील दर्नालले सांसदसँग रासस संवादका लागि लिएको अन्र्तवार्ताको सम्पादित अंश :*

**पछिल्लो समय केमा व्यस्त हुनुहुन्छ ?**

–एउटा जनप्रतिनिधि र राष्ट्रियसभा सदस्यका हिसाबले संसद्को भूमिकामै क्रियाशील छु । संसद्को बजेट अधिवेशन चलिरहेको छ । पार्टीले सङ्गठनात्मक सुदृढीकरण र शुद्धीकरणको अभियान अघि बढाइरहेको छ, अर्कातर्फ जनतासँगको सम्बन्ध सुदृढीकरणको अभियानमा समेत केन्द्रित भएको छु ।

**मुलुकको अहिले भइरहेको संसदीय अभ्यासलाई कसरी हेरिरहनुभएको छ ?**

–नेपालमा वास्तवमा हामीले नयाँ प्रकारको लोकतन्त्र स्थापित गरेका छौँ । यो परम्परागत संसदीय गणतन्त्र होइन । हामी कम्युनिष्टले भनेकोजस्तो नयाँ जनवादी क्रान्ति स्थापना गरेको पनि होइन । यो समाजवादोन्मुख, समावेशी, सङ्घीय लोकतान्त्रिक गणतन्त्र हो । त्यसैले यसलाई परम्परागत संसदीय व्यवस्थामा कैद गर्न हुन्न । यो लोकतन्त्रलाई व्यवहारमा कार्यान्वयन गर्न र जनतालाई प्रतिफल दिन सबैभन्दा पहिला प्रणाली र त्यसलाई संस्थागत गर्ने संविधान महत्त्वपूर्ण विषय हो । अनि त्यसको नेतृत्व गर्ने दल र नेताले लोकतान्त्रिक दृष्टिकोण र आचरण निर्माण गरेका छन् वा छैनन् भन्ने छ । अहिले मुख्य चुनौती भनेको जसले लोकतन्त्रका लागि बलिदानीपूर्ण सङ्घर्ष र नेतृत्व गर्नुभयो, उहाँहरूले नै आफ्नो जीवन र आचरण लोकतान्त्रिक बनाउन नसकेको गुनासो जनताको छ । तीन तहको सरकार निर्माण र दुईवटा निर्वाचन गरी अहिले परिवर्तनलाई प्रणालीगत कार्यान्वयनका लागि अघि बढिरहेको अवस्था छ । सामाजिक र आर्थिक रूपान्तरणमा पनि केही काम भएको छ । यो लोकतान्त्रिक परिवर्तनलाई जनता र देशहितमा अघि बढाउने सन्दर्भमा केही समस्या देखा परेको छ । त्यो मुख्यतः राजनीतिक नेतृत्व र पार्टीको लोकतान्त्रिक आचरणको संस्कृतिसँग सम्बन्धित छ ।

**पछिल्लो समय (माओवादी केन्द्र) जनतासँग जोडिने अभियानमा छ, त्यसमा जनताको गुनासा र सल्लाह कस्तो पाउनुभयो ?**

–जनताका कुरा नजिकबाट सुनिरहेकै छौँ । पार्टीको अहिलेको अभियान तीन वटा लक्ष्यसहित अघि बढिरहेको छ । एउटा सङ्कल्प र प्रतिबद्धता भनेको सामन्तवादी निरङ्कुशताको अन्त्य गरी लोकतान्त्रिक परिवर्तनमार्फत जनताको सामाजिक–आर्थिक रूपान्तरण गर्ने हो । हामीले क्रान्तिकारी उद्देश्य बिर्सिएका छैनौँ, विचलित छैनौँ, त्यसमा अहिले पनि दृढ छौँ भन्ने प्रतिबद्धता दिऔँ भन्ने हो । दोस्रो, नागरिकको जीवनस्तर उकास्न र विकासमा फड्को मार्न नसकेको कमजोरी पक्ष स्वीकार्दै त्यसलाई सच्याएर जान गरिएको प्रतिबद्धतालाई जनताले सकारात्मक मानेका छन् ।

तेस्रो विषय भनेको, वर्तमान सरकार र त्यसमा संलग्न दलका क्रियाकलापले देशलाई थप सङ्कटको दिशातर्फ लगेको हाम्रो ठम्याइ छ । भ्रष्टाचार नियन्त्रण गर्न सरकारले पर्याप्त काम नगरेको देखिन्छ । यसका बिरूद्ध हामीले खबरदारी गर्ने र सच्चिन चेतावनी दिइरहेका छौँ । यसमा जनताको ठूलो साथ र समर्थन छ ।

**अभियानमा तपाईंहरूले जनता समक्ष के वाचा र प्रतिबद्धता गर्नुभएको छ ?**

–यसबीचमा सामन्तीविरूद्धको अभियान चलाएर लोकतन्त्र स्थापना र उपलब्धिलाई संविधानमा संस्थापन गरियो । अहिले सामाजिक–आर्थिक रूपान्तरणका निम्ति नेपालको पहिलो पूर्वसर्त भनेको सुशासन र विधिको शासन नै हो । त्यसका लागि भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति लिने, कारबाही गर्ने र पारदर्शी कार्यशैली अपनाउनुपर्छ । सुशासनबिना सामाजिक–आर्थिक रूपान्तरण, विकास र समृद्धि अघि बढाउन सकिन्न । जनताले नयाँ जीवनको अनुभूति गर्न पाउन्नन् । नेकपा (माओवादी केन्द्र)को नेतृत्वमा रहेको सरकारले ७५ वर्षयताकै ठूलो भ्रष्टाचारविरूद्ध र सामाजिक न्यायको कदमको सुरूआत गरेको थियो । जनताले स्वागत र समर्थन गरे तर हामी हठात सरकारबाट बाहिरिन प¥यो । अहिले हामीले जनतालाई अपिल गरिरहेका छौँ कि, तपाईंहरू देशमा साँच्चिकै परिवर्तन चाहनुहुन्छ भने बहुमतको सरकार बनाउने र देशको नेतृत्व गर्ने जिम्मेवारी हामीलाई दिनुपर्छ । त्यो अवसर प्राप्त गरेको खण्डमा नेपाललाई स्वतन्त्र, स्वाधीन, प्रजातान्त्रिक मात्र होइन, समृद्ध–नेपाल बनाएर छाडिन्छ । त्यसका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यान्न, आवास, सडक, खानेपानी, सूचना र सञ्चारसहित जनताका दैनिक आवश्यकता पूरा गर्छौं । नेपाली जनतालाई यही व्यवस्थाले जीवन नै फेरिदियो भन्ने अनुभूति दिलाउँछौँ । त्यसमा जनताको सकारात्मक प्रतिक्रिया प्राप्त छ । कार्यकर्तामा पनि उत्साह र जाँगर देखिएको छ । रूपान्तरण र पुनर्गठनको आवाज जुन गतिमा गर्नुपर्ने छ, त्यो फड्कोमा पुगिनसकेकाले अझै मेहनत गर्नुपर्नेछ ।

**नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) परिवर्तनका संवाहक र मित्रशक्ति हुन् तर राष्ट्रिय एजेण्डामा समेत मतैक्य देखिन्न, किन ?**

–हो, मुलुकमा राजनीतिक व्यवस्था परिवर्तनको आन्दोलनमा हामी एउटा मोर्चामा उभियौँ । तर गणतन्त्र, धर्म निरपेक्षता र सङ्घीयता हाम्रो एजेण्डा हो । हामीले यसलाई उपलब्धिका रूपमा स्थापित गरेका हौँ । उनीहरूले त्यस बेला यो आत्मसात गरेको एजेण्डा थिएन । जुनसुकै चरणमा भएपनि प्रमुख शक्तिबीच मिलेर ल्याइएको परिवर्तनका माध्यमबाट सामाजिक, आर्थिक रूपान्तरण र समृद्धिमार्फत जनतालाई लोकतन्त्रको प्रतिफल दिन सहकार्य गर्नुपर्छ भन्ने सुझाव सही छ । तर उनीहरूले त्यो ढङ्गले आत्मसात् गरेका छैनन् । कांग्रेस र एमाले यथास्थितिवादको सिकार भए । राजनीतिक दलको मुख्य कार्यभार लोकतान्त्रिक संविधानको रक्षा गर्दै सामाजिक आर्थिक रूपान्तरणसहित मुलुकलाई समृद्धिमा लैजाने हो । त्यो तदर्थवादी ढङ्गले मात्र हुन्न । प्रमुख शक्तिहरू राष्ट्रियता, संविधान र लोकतन्त्रको रक्षा र सामाजिक आर्थिक रूपान्तरण पक्षमा मिलेर काम गर्न सक्दा राम्रो हुन्छ । यसअघिका सरकारले सुशासनको मुद्दालाई गम्भीरतापूर्वक पक्रेर व्यवहारमा लागू नगरेकाले समस्या पैदा भएको हो । यसको अर्थ हामी पनि शुद्ध हौँ भन्ने होइन, यसबीचमा सुशासन, सामाजिक र आर्थिक विकासको पक्षमा जुन दृढताका साथ काम गर्नुपर्नेमा कमीकमजोरी भयो । भ्रष्टाचार धेरै छ, राज्य लुट्ने र ठग्ने प्रवृत्ति जबर्जस्ती छ । पुँजीपति दलाल, राजनीतिज्ञ र कर्मचारी मिलेर राज्यको दोहन र ठगी खाने काम भएको छ । यस्तो स्थितिले राष्ट्रिय पुँजीको निर्माण नै हुन सक्दैन । दलाल पुँजीवादलाई प्रहार र अन्त्य नगरी राष्ट्रिय पुँजी र उत्पादन वृद्धि हुँदैन । स्वतन्त्र आर्थिक अर्थतन्त्र बन्दैन । त्यो नभई देशले समृद्धिमा फड्को मार्न सक्दैन । यही विषयमा मुख्य मतभेद छ । दलाल पुँजीवादले उत्पादनमूलक अर्थतन्त्र हुनै दिँदैनन् । कमिसन र भ्रष्टाचारीले ठूलो पुँजी जम्मा गर्ने छन् । तर, त्यो सम्पत्ति उत्पादन र रोजगारमुखी उद्योगमा लगानी गर्दैनन् । त्यसबाट रोजगारीको सृजना हुँदैन । परिवारको आन्दानी बढ्दैन । क्रयशक्ति र उपभोग बढ्दैन । त्यसैकारण देश गरिबीको चक्रमा फसिरहेको छ । हामीले सुशासन प्रभावकारी ढङ्गले सञ्चालन गर्दै पुँजीवादमाथि आक्रमण गरी राष्ट्रिय पुँजीको विकास गरौँ भनेका हौँ । उत्पादन र रोजगारीको सृजना गरौँ । स्वतन्त्र आत्मनिर्भर अर्थतन्त्र बनाऔँ । यो मूलभूत मुद्दामा मिलेदेखि राम्रो हुन्छ भन्ने हाम्रो पनि भनाइ हो । तर, त्यसमा सहमति हुन सकेको छैन ।

**–सशस्त्र क्रान्ति गरेर आएको भए पनि नेकपा (एमाले) र कांग्रेसभन्दा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) पार्टी खासै फरक छैन भन्ने सुनिन्छ, यो विचारमा तपाईंको भनाइ के छ ?**

–पहिलो कुरा, हामीले जुन विचार र व्यवहारमा कांग्रेस र एमालेभन्दा फरक देखाउने गरी काम गर्न पथ्र्यो, त्यो हुन सकेन । हाम्रा पनि केही कमीकमजोरी रहे । हामीले पछिल्लो समय यथास्थितिमा पार्टीलाई राखेर देशको नेतृत्व गर्ने सम्भावना छैन भन्ने निष्कर्ष निकालेका छौँ । तुलनात्मक रूपमा अरूभन्दा माओवादी क्रान्तिकारी र रूपान्तरणकारी पार्टी हो । तर पनि यथास्थितिमा राखेर देशले माग गरेको नेतृत्वको माग पुरा हुन सक्दैन । सामाजिक, आर्थिक रूपान्तरणको नेतृत्व गर्न सक्दैन । देश सङ्कटमा धकेलिन्छ भन्ने हाम्रो निष्कर्ष छ । त्यसकारण हामी पनि केही बिग्रेका छौँ भनिरहेकै छौँ । तथापि, यसअघि हाम्रो नेतृत्वमा गठन भएको सरकारले भ्रष्टाचारविरूद्धको कारबाही अघि बढाउने सन्दर्भमा ऐतिहासिक कामको सुरूआत ग¥यो ।

अर्को कुरा, सबै राजनीतिक दल उस्तैउस्तै हुन् भन्ने प्रचार जबर्जस्त बनाइएको छ । हामीले गुणात्मकरूपमा भिन्न देखाएमात्रै बुझ्ने भए जनताले । अलि भिन्न भएर मात्र नबुझ्ने भए । राजनीति फोहोरी खेल भएकाले माओवादी पनि उस्तै हो भन्ने प्रचार जबर्जस्त गरिएको छ । मैले गृह मन्त्रालय सम्हाल्नासाथ पहिलो दिनमै सुराकी खर्च खारेज गरिदिएँ । गरिब जनताका निम्ति मिटरब्याज पीडितविरूद्ध आयोग बनाइयो । अहिले त्यो समस्या केही हदसम्म हल भएको छ । जुनसुकै राजनीतिक नेता, कर्मचारी र धनाढ्य भए पनि अपराध कर्मका आधारमा कानूनको दायरामा आउने विषयलाई स्थापित गरियो । भुटानी शरणार्थी, ललिता निवास, बासबारी छालाजुत्ता कारखाना, सुनकाण्डका घटनामा संलग्न अपराधीलाई कारबाही अघि बढाउन सफल भइयो । देशका विभिन्न ठाउँमा हडपिएका सरकारी र सार्वजनिक जग्गा जफत गरिए । यो हिसाबले हामी अरूभन्दा भिन्न छौँ भनेका हौँ । तर जनताको चाहनाअनुरूप गुणात्मक भिन्नता हुनुपर्ने थियो त्यो भने गर्न नसकेकै हो । त्यसैले रूपान्तरण र पुनःगठनको अभियान सञ्चालन गरेका छौँ ।

**मुलुकले तीन तहसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेको छ, तीन तहका सकारबीच समन्वय र सहकार्य कस्तो पाउनुभएको छ ?**

–सङ्घीय व्यवस्था आफैँमा एकात्मक राज्यव्यवस्था जस्तो सरल होइन, सङ्घीय संरचनाको लामो अभ्यास गरेका मुलुकहरूमा पनि अलिअलि विरोध र समस्या हुन्छ । यही बीचबाट अगाडि बढ्छ । समस्या र जटिलतामा बहस गर्दै आगाडि बढ्ने प्रक्रिया हो । नेपालमा भर्खरै सङ्घीयता लागू गरेका छौँ । यसलाई व्यवहारमा लैजान अझै मेहनत गर्नुपर्नेछ ।

अर्को कुरा, जो सङ्घीयताको निम्ति लडेका थिए, तिनैमा पनि एकात्मक केन्द्रवादी सोच छ । उनीहरू भाषण मात्र सङ्घीयता चाहिन्छ भन्छन् । तर अधिकार सकेसम्म केन्द्रमै राख्न पाए हुन्थ्यो भन्छन् । उदाहरणका लागि, हरेक दलले प्रदेशको निम्ति केन्द्रबाटै निर्णय गरेका छन् । एकात्मक र केन्द्रकृत सोच कतिपय राजनीतिक नेतृत्वमा छ ।

त्यस्तै, एउटा प्रवृत्ति प्रष्ट सङ्घीयता विरोधी छ । अर्को प्रवृत्ति सङ्घीयताको पक्षमा छ तर पहिला केन्द्रले बाँडेको पैसा अहिले प्रदेशले पाउनुपर्छ भन्ने सोच राख्छ । तीन तहको सरकारमा देखिएको भ्रष्टाचार र बेथितिको संस्कृति वडासम्म जाने भयो । पैसा बाँडेर मात्र देश चल्दैन, मुलुक बन्दैन । सङ्घीयता भनेको विकेन्द्रीकरण होइन, संविधानले प्रदेश र स्थानीय तहका सम्बन्धमा राज्यशक्तिको बाँडफाडबारे स्पष्टरूपमा भनेको छ । सङ्घीयतालाई सबल बनाउने सन्दर्भमा सङ्घीय सरकारको पनि थुप्रै कमीकमजोरी छन् । तर प्रदेशमा पनि स्वायत्तता लागू गर्ने र सृजनात्मक ढङ्गले चलाउने भन्ने स्पष्ट सोच देखिन्न । सङ्घीयताका निम्ति आवश्यक कानूनी प्रबन्ध गर्नुपर्ने छ । अहिले स्थानीय सरकार सङ्घीयताकै विरोध गर्ने पक्षले पनि हटाउन सक्दैन । विगतमा विकास तथा भौतिक पूर्वाधार निर्माणका लागि एक लाख प्राप्त गर्न माननीयको ढोका चहार्नु पथ्र्यो, अहिले एक करोड बजेट वडामा पुगेको छ । गाउँपालिकामा ५० औँ करोड पुगेको छ । पूर्वाधार निर्माण र बजेट आवश्यकताका आधारमा प्राथमिकता तोकेर खर्च गर्नुपर्छ, कार्यान्वयन गरिनुपर्छ । सङ्घीयता जनताले प्रत्यक्ष रूपमा सरकारको अनुभूति गर्ने अलि जटिलै प्रणाली भएकाले मजबुद बनाउँदै जानुपर्छ ।

**वर्तमान संविधान जारी भएको दश वर्ष भयो, संशोधनको चर्चा छ, यसलाई कसरी हेर्नुभएको छ ?**

–संविधानको संशोधनको कुरा उठ्नु आम रूपमा नकारात्मक कुरा होइन । किनभने संवैधानिक र शान्तिपूर्ण बाटोबाटै संशोधन गर्न सकिन्छ भनी संविधानले नै सुनिश्चित गरेको छ । राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता र नेपाली जनतामा निहीत सार्वभौमसत्ता बाहेक अरू कुनै पनि विषयलाई अपरिवर्तनीय भनिँदैन । तर सरकार गठन भएकै दिन किन संशोधनको विषय अगाडि ल्यायो भन्ने मूल प्रश्न छ । यो हामीलाई सकारात्मक लागेको छैन ।

पहिलो र दोस्रो ठूला पार्टी मिलेर सरकार बनाउन नै पनि सामान्यतया संसदीय लोकतान्त्रिक मूल्य–मान्यताविपरीत छ । उहाँहरूको संविधान संशोधन समानुपातिक निर्वाचन प्रणालीको खारेजीसँग सम्बन्धित छ । यो गरिए जनताले सङ्घर्ष गरी ल्याएको मुख्य उपलब्धि समावेशी र समानुपातिक प्रणाली गुम्न जान्छ भन्ने हाम्रो चिन्ता हो । हामीले साँच्चै इमान्दारीपूर्वक संशोधन गर्नुपर्ने हो भने गरौँ भनिरहेकै छौँ । त्यसक्रममा प्रत्यक्ष निर्वाचित राष्ट्रपति अथवा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख शासकीय स्वरूपमा रहने गरी जाऔँ भनेका छौँ । त्यो राजनीतिक स्थिरताको लागि पनि हो ।

अर्कोतर्फ पूर्ण समानुपातिक चुनाव प्रणालीमा जाऔँ र महङ्गो र भ्रष्टीकृत चुनाव प्रणालीलाई परिवर्तन गरौँ भनेकै छौँ । सांसदलाई कानुन बनाउने जिम्मा दिऊ, विज्ञलाई मन्त्री बनाउने प्रक्रिया अघि बढाऔँ । तर एमाले र कांग्रेस संविधान संशोधनको विषयलाई गम्भीरतापूर्वक लिएका छैनन् । संविधानको सबै उपलब्धिको रक्षा गर्ने गरी अग्रगामी संविधान संशोधन गर्न हामी तयार छौँ ।

**प्रदेश सरकार खर्चिलो भयो, सांसद र मन्त्रिपरिषद्का सदस्य सङ्ख्या घटाउनुपर्छ कि भन्ने पाटोबाट उठेका प्रश्नमा तपाईंको भनाइ के छ ?**

–हो, प्रदेश सांसद र मन्त्रालयको सङ्ख्या घटाउनै पर्छ । देशको समग्र समस्या समाधान गर्दै सामाजिक, आर्थिक रूपान्तरणको प्रक्रियालाई तीव्र पार्न सुशासन र संरचनागत ठूलो परिवर्तन गर्नुपर्छ भनेका छौँ । यो सँगसँगै मितव्ययिता पनि चाहिन्छ । मितव्ययिताको कुरा गरिरहँदा यति धेरै प्रदेश सदस्यको सङ्ख्या किन चाहियो ? मन्त्री र सदस्य घटाउनै पर्छ । कतिपय सरकारी आयोग वा निकाय काम नभए पनि चलिरहेका छन् । तिनलाई खारेज गर्नुपर्छ । अहिले मुलुकमा सुशासन, संरचनागत ठूलो परिवर्तन र मितव्ययिता जरूरी छ । त्यसपछि मात्रै आमूल परिवर्तनसहित अघि बढ्न सकिन्छ । नत्र भने तदर्थवाद हावी भइरहन्छ । केही परिसूचकले अर्थतन्त्रमा सकारात्मक सङ्केत देखाएको छ भने पनि परिवारको आम्दानी, उपभोग क्षमता, माग बढ्नुप¥यो । कलकारखाना चल्नुप¥यो, थपिनुप¥यो, रोजगारी बढ्नुप¥यो तब न अर्थतन्त्र चलायमान हुन्छ । अर्थतन्त्रलाई गतिशील र चलायमान बनाउन स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्र बनाउनु पर्ने अहिलेको आवश्यकता हो । त्यसका निम्ति सुशासन र संरचनागत ठूलो परिवर्तनसहित मितव्ययिता अनिवार्य शर्त हो ।

**तपाईं पूर्वपरराष्ट्रमन्त्री पनि हुनुहुन्छ, नेपालको अन्तरराष्ट्रिय कूटनीति र छिमेकीसँगको सम्बन्धलाई कसरी हेर्नुभएको छ ?**

–पहिलो कुरा, आजको विश्वमा कुनै पनि देश पूर्ण परोपकारी हुँदैन । शुद्ध मनले सबैको कल्याण गरौँ भनेर कुनै पनि देशले भन्दैन । हरेक देशले आफ्नो स्वार्थलाई केन्द्रमा राखेकै हुन्छन् ।

दोस्रो कुरा, अहिलेको विश्व परिस्थिति बुझ्नुपर्छ । एसिया केन्द्रित हुँदै आएको बदलिएको विश्व परिस्थिति र हाम्रो भूराजनीतिक अवस्थाले हामीलाई दुवै चिज दिएको छ । एउटा चुनौती अर्को अवसर । हामी एउटा संवेदशील भूराजनीतिक अवस्थामा छौँ । राष्ट्रिय सावैभौमिकताको रक्षा गर्दै राष्ट्रहितलाई प्रवद्र्धन गर्न गम्भीर चुनौती छ ।

अर्कातिर यति सम्भावना पनि छ कि यसलाई हामीले अवसरको रूपमा सदुपयोग गर्न सकियो भने हाम्रो राष्ट्रिय सार्वभौमिकता पनि सुदृढ गर्न सहयोगी हुन्छ । हाम्रो सामाजिक, आर्थिक रूपान्तरण, विकास र प्रगतिमा पनि सहयोगी हुन सक्छ । हामीमा दृष्टिकोणमा अझै पनि प्रष्टता, प्रष्ट देशभक्तिपूर्ण अडान र कूटनीतिक दक्षताको कमी छ । त्यसले हामीले आफ्नो देशभक्तिपूर्ण अडान र हितको प्रतिनिधित्व ठीक ढङ्गले गर्न सकिरहेका छैनौँ । हाम्रो राष्ट्रिय सावैभौमिकताको पक्षमा कुरा उठाउँदा अरू देशले के भन्लान् भनि डराउनु पर्दैन । अरू देशको विरोध गरेर आफ्नो राजनीतिक स्वार्थसिद्धि गर्ने काम गर्न भएन । हामीले दुईवटै छिमेकी (भारत र चीन) सँग मैत्रीपूर्ण असल सम्बन्ध राख्नुपर्छ, समनिकटताको आधारमा । एउटाका विरूद्धमा र अर्काको पक्षमा हामीले सोच्न हुँदैन । त्यो घातक हुन्छ । दुवै छिमेकीसँग सम्बन्ध राख्ने कुरा आफ्नो राष्ट्रिय सार्वभौमिकतालाई केन्द्रविन्दुमा राख्न सक्नुपर्छ । त्यसका लागि वार्ता र कूटनीतिको माध्यमबाट समस्या समाधान गर्ने, सकारात्मक पक्षलाई बलियो बनाउने, सम्बन्धलाई अझै उचाइमा लैजाने प्रयत्न गर्नुपर्छ । त्यो सम्भव छ । आफ्नो राजनीतिक स्वार्थका निम्ति विदेशिले होइन, नेपालकै राजनीतिक नेताले नै वातावरण बनाइदिनुप¥यो भनि आफैँ हस्तक्षेप आमन्त्रण गर्दै आएकामा सच्याउनपर्छ । अर्कालाई मात्रै भनेर हुन्छ ? आफ्नो राष्ट्रिय सार्वभौमिकतालाई केन्द्रविन्दुमा राखेर छिमेकीसँग असल मैत्रीपूर्ण सम्बन्ध राख्नुपर्छ । त्यसो गर्न सकिन्छ । राष्ट्रिय सावैभौमिकता र हितमा कुरा गर्दा हिनताबोध लिनु पर्दैन । हामीले स्वाभीमानका साथ कुरा गर्न सक्नुपर्छ । आफ्नो पक्षमा वातावरण बनाउनुपर्छ ।

**नेपालको आन्तरिक मामिलामा वैदेशिक चासो बढेको छ भनिन्छ, यो विषयलाई तपाईंले कसरी हेर्नुभएको छ ?**

–एसिया केन्द्रित हुँदै आएको विश्व परिस्थितिमा हामी संवेदनशील ठाउँमा छौँ । अरू सबैले रणनीतिक स्वार्थको कोणबाट पनि हेर्ने स्थिति बनेको छ । त्यसले गर्दा हामीले विश्वासको वातावरण बनाउन सक्नुपर्छ । त्यो वातावरण बनाउन नसक्दा चासोभन्दा बढी भूमिकाको अवस्था पनि व्यहोर्नुपर्ने स्थिति हुन सक्छ । हामी त्यसबाट सचेत हुनुपर्छ । राष्ट्रिय सार्वभौमिकता, भौगोलिक खण्डता र स्वाधीनताको विरूद्ध नजाने हदसम्म जायज चासो र सरोकार सम्बोधन गर्न तयार हुनुपर्छ । होइन भने, हाम्रो आन्तरिक मामिलामा हस्तक्षेप गर्ने र राष्ट्रिय स्वाधीनता र हितलाई कमजोर बनाउने काम गर्न दिनु हुँदैन ।

**माओवादी शान्ति प्रक्रियामा आएसँगै यो पार्टी पटकपटक सरकारमा गएको छ, तपाईं आफू पनि भौतिक पूर्वाधार तथा यातायातमन्त्री, परराष्ट्रमन्त्री र गृहमन्त्री बनिसक्नुभएको छ, यो सत्ता वा सरकार भनेको के रहेछ ?**

–सरकारको सन्दर्भमा हामी प्रष्ट हुनुपर्छ । सरकारमा जानका लागि जाने होइन । प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री हुन सरकारमा जाने होइन । देश र जनताको निम्ति काम गर्ने प्रष्ट भएर सरकारमा जानुपर्छ । हामी पछिल्लो पटक सरकारमा रहँदा सरकारलाई कसरी टिकाउने होला भन्ने कुरामा ध्यानै दिइएन । जुन बेलासम्म देश र जनताको पक्षमा काम गर्न सकिन्छ, त्यतिन्जेलसम्म गर्ने भन्ने थियो । त्यसकारण पनि हामी सफल भएको भन्ने लाग्छ । यो नै क्रान्तिकारीको नीति हो भन्ने निष्कर्ष थियो । हामीले सरकारमा रहँदा गुणात्मक हस्तक्षेपकारी भूमिका निभाएकै हो । अहिले पनि वर्तमान सरकारलाई भत्काउने खेलमा छैनौँ । सरकारमा जाने सोच छैन । यथास्थितिमा सरकारमा गएर समस्या थप थपिन्छ । गुणात्मक काम गर्ने अवसर प्राप्त भएमा मात्र स्वाभाविक रूपमा सरकारमा जाने कुरा आउँछ । तर झण्डा हल्लाउन मात्रै सरकारमा जाने भनेको जनताले हामीप्रति देखाएको सकारात्मक भाव र कार्यकर्ताको उत्साहमा जाडो मौसममा चिसो पानी खनाएजस्तै हो ।

**तपाई कम्युनिष्ट पार्टी एकता अभियानका अभियन्ता हुनुहुन्छ, वामपन्थी एकता प्रक्रिया कहाँ पुगेको छ ?**

–सैद्धान्तिक रूपमा नेपालका कम्युनिष्टबीचको एकता हुनुपर्छ भन्नेमा प्रष्ट छु । नेकपा (एमाले) सहितको एकताको कुरा गर्ने हो भने तत्कालै व्यवहारिक रूपमा सम्भव हुनेजस्तो देखिएको छैन । त्यसको मतलब अब रणनीतिकरूपमै नेपालका बामपन्थी मिल्दैनन् भन्ने पनि होइन । मिल्न हुँदैन भनि एकलकाँटे ढङ्गले सोच्ने कुरालाई कहिले पनि हुन दिनुहुँदैन । एमालेबाहेक अरू क्रान्तिकारी पार्टीसँगको एकताबारे छलफल भइरहेको छ । तर अहिले नै निष्कर्षमा पुग्न सकेका छैनौँ । समाजावदी मोर्चामा रहेका सबै शक्तिलाई एउटै पार्टीमा आबद्ध गर्ने गरी हामीले छलफल गरिरहेका छौँ । यदि एमाले सच्चिएर बामपन्थी बीचको एकताको कुरा गरेको खण्डमा हुन्न वा एकता गर्न हुँदैन भन्ने हुँदैन । तर अहिले नै तत्काल हुने सम्भावना देखेको छैन ।

तपाई सदस्य रहनुभएको राष्ट्रियसभाको अहिलेको भूमिकाबाट सन्तुष्ट हुनुहुन्छ ? कसरी हेर्नुभएको छ ?

–राष्ट्रियसभाको सवालमा संविधान संशोधन गर्नुपर्छ भन्ने मेरो दृष्टिकोण छ । राष्ट्रियसभा नभए पनि विधेयकको कानुन बन्ने व्यवस्थाको अन्त्य गर्नुपर्छ । अहिले एउटा अर्थ विधेयकलाई छोडेर अरू विधेयक राष्ट्रियसभाले पारित नगरे पनि हुने व्यवस्थाले सभाको ओजलाई कमजोर बनाएको छ । राष्ट्रियसभा परिपक्क र स्थिर सदन हो । त्यहाँ पार्टीले त्यस्तै खालका व्यक्ति पठाउनुपर्छ भन्ने हो । सभालाई अझै प्रभावकारी बनाउन सबै दलहरूले आफ्नो भूमिकालाई सक्रिय बनाउन जरूरी छ ।

**युवाको विदेश पलायन बढ्दै गएको छ, जसबाट राज्यप्रतिको विश्वास कमजोर भएको हो कि जस्तो देखिन्छ ? यसबारेमा भनाइ के छ ?**

–अहिले राष्ट्रको प्रमुख राष्ट्रिय आवश्यकता भनेको सामाजिक, आर्थिक, रूपान्तरण, विकास र समृद्धि हो । हामीले ऐतिहासिक र युगान्तकारी परिवर्तन गरेका छौँ । मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा छ । तर सामाजिक आर्थिक रूपान्तरण अहिलेको व्यवस्थाले निर्देशन गरेजस्तो र जनताले चाहेकोजस्तो भएन । आज पनि झण्डै ३० लाख नेपाली श्रमिक युवा आफ्ना बालबच्चालाई पाल्न, घर चलाउनका लागि खाडी मुलुक र मलेसियामा श्रम–पसिना चुहाइरहेका छन् । ती युवालाई आफ्नै मातृभूमिमा बसेर रोजगारीको व्यवस्था गर्न सकेनौँ भने हामीले गरेको औचित्य पुष्टि हुँदैन । अहिलेको मुख्य समस्या सुशासनको अभाव हो ।

**अन्त्यमा, आमजनतालाई तपाईको सन्देश के छ ?**

–नेपाल धेरै सम्भावना र गर्व गर्न लायक देश हो । विश्वमै औँलामा गन्न सकिने सुन्दर देशको सूचीमा नेपाल अग्रस्थानमा छ । नेपालमा आएको एउटा पर्यटनको इच्छा, अर्को पटक पनि जान पाए हुन्थ्यो भन्ने हुन्छ । नेपालको आफ्नै अन्तराष्ट्रिय पहिचान छ । यो सगरमाथा, बुद्ध र वीर गोर्खालीको देश हो । कृषि, जलस्रोत, पर्यटनको सम्भावना भएको देश हो । कुनै–कुनै देशमा एक गेडा अन्न उत्पादन हुन्न । तर हामीले राम्रो मेहनत गरियो भने खाद्यान्न निर्यात गर्न सक्छौँ । कुनै देशमा खानेपानी पनि अन्य देशबाट ल्याउनुपर्छ । तर हामीकहाँ पर्याप्त छ । त्यसकारण यो देश बनाउन सकिन्छ । हामी सबै मिलेर बनाउनुपर्छ ।

## भौतिक पूर्वाधार मन्त्रालय

# गौरवका योजना अधुरै, खर्च कागजमै सीमित

मधेशदृष्टि
जनकपुरधाम ।
मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतका कार्यालयहरूबाट कार्यान्वयनमा लापरवाही, आर्थिक अनियमितता, समयमै काम नसकिने, योजना प्रभावकारिता कमजोर हुने लगायतका समस्या देखिएका छन् । महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदनअनुसार मन्त्रालयले १४ वटा कार्यालयमार्फत ७ अर्ब ९८ करोड ५३ लाख १६ हजार रुपैयाँको लेखापरीक्षण सम्पन्न गरेको छ । यद्यपि, यो रकममध्ये समग्र खर्च ६८.७१ प्रतिशतमा सीमित देखिएको छ । पूँजीगत खर्चको तुलनामा चालू खर्च उच्च देखिनु र योजनाको कार्यान्वयनमा कमजोरी आउनुले मन्त्रालयको कार्यसम्पादनमा प्रश्न उठाएको छ । मन्त्रालयले प्रदेशभित्रका ग्रामीण तथा सहरी विकास योजना, भौतिक पूर्वाधार निर्माण, एकीकृत नगरीय योजना, वैकल्पिक यातायात पूर्वाधारको अध्ययन, आयोजना सञ्चालन तथा अनुगमन गर्ने जिम्मेवारी सम्हाल्दै आएको छ । तर, प्रतिवेदनमा अधिकांश योजनाहरू तोकिएको समयमै सम्पन्न हुन नसकेको उल्लेख छ । विशेष गरी गौरव योजना अन्तर्गत सञ्चालित 'तिन वर्षमा एक सडक' कार्यक्रमको पहिलो चरणमा ३२० किलोमिटर सडक निर्माण गर्ने लक्ष्य राखिए पनि हालसम्म २४ वटा मात्रै पूर्ण भएका छन् भने ३५ वटा सडक निर्माणाधीन अवस्थामा छन् । दोस्रो चरणका लागि १८ वटा विस्तृत परियोजना प्रतिवेदन तयार पारिए पनि भौतिक प्रगति न्यून छ । २०७९÷८० सालका लागि निर्धारण गरिएका सूचकहरूमा पनि मन्त्रालयको प्रगति लक्ष्यअनुसार पुगेको छैन । ग्रामीण जनसंख्याको सडक पहुँच १०० प्रतिशत पु¥याउने लक्ष्य राखिए पनि ८९.१० प्रतिशतमा सीमित भएको छ । त्यस्तै, मापदण्ड अनुसारको सडक निर्माणको लक्ष्य ७५ प्रतिशत थियो । तर, आँकडा सङ्कलन नै नभएकाले मूल्याङ्कन गर्न सकिएको छैन । मध्यमकालीन खर्च संरचनाअनुसार मन्त्रालयको २०८०÷८१ सालको खर्च प्रक्षेपण १२ अर्ब १९ करोड ८ लाख रुपैयाँ थियो । तर, अन्तिम बजेट १३ अर्ब ५८ करोड ४० लाख कायम भयो । यद्यपि, खर्च भने ८ अर्ब १३ करोड ३७ लाखमा मात्र सीमित रह्यो । उपलब्ध स्रोतको प्रभावकारी व्यवस्थापनमा कमजोरी देखिनुले बजेट कार्यान्वयन तहमा सुधार आवश्यक रहेको देखिन्छ । आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार प्रत्येक कार्यालयले आ–आफ्नो एकीकृत वित्तीय विवरण प्रदेश लेखा नियन्त्रक र महालेखापरीक्षक कार्यालयमा समयमै पेश गर्नुपर्ने व्यवस्था छ । तर, मन्त्रालय र मातहत कार्यालयहरूले सो विवरण समयमै पेश नगरेको प्रतिवेदनमा उल्लेख छ । मन्त्रालयले परामर्श सेवा खरिदका क्रममा सिधा खरिद प्रक्रियाबाट ३ करोड २६ लाखभन्दा बढीको परामर्श सेवा लिएको छ । तर, ५ परामर्शदातालाई ओभरहेड शीर्षकमा १५ प्रतिशत बढी भुक्तानी गरिएको भेटिएको छ । यसले सवारी साधन खरिद, याक कोटको मात्रा, परामर्शदाताको पारिश्रमिक लगायतमा लापरवाही देखिएको छ । त्यस्तै, १४ लाख २१ हजार बराबरको दुई सफ्टवेयर खरिद गरिए पनि ती प्रणाली प्रयोगमा ल्याइएको छैन । परियोजना कार्यान्वयनमा प्रविधिको उपयोग गर्ने उद्देश्यअनुरूप सफ्टवेयर लिइए पनि प्रयोगमा नआउनुले लगानी निष्प्रभावी देखिएको छ । प्रदेशमा सञ्चालित विपन्न र असहाय लक्षित 'महेन्द्र नारायण गरिबी निवारण योजना' र 'जनता आवास कार्यक्रम' प्रभावकारी हुन सकेको छैन । ३ हजार १३ घर निर्माण लक्ष्यमा ९६० घर अझै अपूरा छन् । निर्माण समयमा सम्पन्न नहुनाले लाभग्राहीहरू वञ्चित भएको प्रतिवेदनमा उल्लेख छ । महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएका अनियमितता र कमजोरीहरू समाधान गर्न मन्त्रालयले कार्यान्वयन तहमा सुधार गर्नुपर्ने देखिन्छ । विशेष रूपमा योजना कार्यान्वयनमा समयपालना अनिवार्य बनाउने, आर्थिक विवरण समयमै पेश गर्ने, परामर्श सेवामा पारदर्शिता कायम गर्ने, सफ्टवेयर लगायत प्रविधिको अधिकतम प्रयोग सुनिश्चित गर्ने, निर्माणको गुणस्तर र मापदण्डको पालना अनिवार्य गर्ने र अधुरा ठेक्कामा कानुनी कारवाही अघि बढाउने आवश्यक देखिन्छ । भौतिक पूर्वाधार तथा विकास मन्त्रालयले महत्वपूर्ण योजनाहरू सञ्चालन गर्दै आए पनि कार्यान्वयनको चरणमा लापरवाही, व्यवस्थापनको कमजोरी, आर्थिक अनुशासनको अभाव तथा पारदर्शिताको कमी जस्ता समस्याहरू देखिएका छन् । मन्त्रालयको प्रमुख दायित्व अन्तर्गत ग्रामीण तथा सहरी विकास योजना, आवास निर्माण, राजधानी क्षेत्रको विकास, वैकल्पिक यातायात पूर्वाधार, लोकमार्गको निर्माण तथा स्तरोन्नति, पुल तथा सडक निर्माण, विपन्न वर्गका लागि आवास योजना लगायतका योजना कार्यान्वयन रहेका छन् । मन्त्रालयले नीति, योजना, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको संयोजनका माध्यमबाट भौतिक पूर्वाधार विकासमा योगदान पु¥याउने दाबी गरे पनि प्रगति त्यति उत्साहजनक देखिँदैन । २०८०÷८१ मा मन्त्रालय अन्तर्गत १४ कार्यालयमार्फत कुल ७ अरब ९८ करोड ५३ लाख १६ हजार को लेखापरीक्षण सम्पन्न भएको छ । आर्थिक वर्षको अन्त्यसम्म कुल खर्च ५५.३४% मात्र भएको देखिएको छ । पूँजीगत खर्च मात्र ४६.७१% मा सीमित रहँदा चालू खर्चको कार्यान्वयन ७२.७१% पुगेको हो । कुल बजेटमध्ये धेरैजसो योजना समयमै कार्यान्वयन हुन सकेनन् । मधेश पूर्व–पश्चिम लोकमार्ग, जमुनी नदी पुल निर्माण र प्रादेशिक सडक सुधारका लागि छुट्याइएको १८ करोड ११ लाख बजेट उपयोग हुन सकेन । धेरैजसो परियोजना म्याद नाघेर पनि अपूर्ण छन् । 'एक निर्वाचन क्षेत्र, एक सडक' योजना अन्तर्गत ५९ सडक निर्माण योजनामध्ये ३५ अझै निर्माणाधीन छन् । अत्यन्त विपन्न वर्गका लागि सञ्चालित महेन्द्र नारायण निधि विपन्न योजना तथा जनता आवास कार्यक्रमबाट हजारौं नागरिक लाभान्वित हुने अपेक्षा थियो । तर, दुई योजनामा मिलाएर ९ हजार ९११ आवास इकाइ निर्माण गरिनुपर्नेमा हालसम्म ७ हजार ३४९ मात्र सम्पन्न भएको प्रतिवेदनले देखाएको छ । बाँकी घर निर्माण अझै अलपत्र अवस्थामा छन् । सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना नगरी १० करोड ३१ लाखको ठेक्का सम्झौता अनियमित तरिकाले गरिएको छ । डिजाइन एण्ड बिल्ड प्रकृतिको ठेक्कामा मूल्य समायोजन नहुने प्रावधान हुँदाहुँदै मन्त्रालयले १ करोड ४१ लाख ६० हजार भुक्तानी गरेको छ । यसले कानुनी प्रावधानको खुला उल्लंघन गरेको देखिन्छ । मन्त्रालय र मातहतका कार्यालयहरूबाट प्रयोग भइरहेको सरकारी भवन, जमिन, सवारी साधन तथा उपकरणहरूको एकीकृत विवरण अद्यावधिक नगरिएको, सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख अपूर्ण रहेको उल्लेख छ । कुल मूल्यमा ९५ करोड भन्दा बढी सम्पत्तिको व्यवस्थापन प्रक्रियागत कमजोरीमा परेको छ । अनुगमन, मूल्याङ्कन तथा भ्रमण शीर्षकमा बजेट छुट्याइए पनि यसको प्रभावकारी प्रयोग नहुनु मन्त्रालयको संस्थागत कमजोरीतर्फ संकेत गर्छ ।

नीति आयोगको मध्यमकालीन खर्च संरचना अनुसार १२ अर्ब १९ करोडको खर्च प्रक्षेपण भए पनि कार्यान्वयन नहुनुले नीति र अभ्यासबीचको खाडल देखाउँछ । प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार प्रत्येक आर्थिक वर्षको वित्तीय विवरण सार्वजनिक गर्नुपर्ने प्रावधान छ । तर, यस मन्त्रालयले २०८०÷८१ को एकीकृत वित्तीय विवरण महालेखापरीक्षकको कार्यालयमा बुझाएको छैन । भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको योजनाहरू तर्जुमा भइ बजेट विनियोजन भए पनि कार्यान्वयनको चरणमा समुचित ध्यान नदिएको देखिन्छ । लागत अत्यधिक बढ्ने, काम अपूर्ण रहने, लाभग्राहीले समयमै सेवा नपाउनेजस्ता समस्याहरूले विकास प्रक्रियालाई कमजोर बनाएको छ ।




# नापतौलमा अनियमितता गर्ने १९ सय व्यवसायीलाई कारबाही

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उपभोक्ता हित र बजारमा नापतौलको पारदर्शिता कायम गर्ने उद्देश्यले गुणस्तर तथा नापतौल कार्यालय जनकपुरधामले चालु आर्थिक वर्षको पहिलो १० महिनामा करिब १ हजार ८७२ उद्योगी तथा व्यवसायीलाई अनियमितताका आधारमा कारबाहीमा पारेको छ । कार्यालयका अनुसार स्वेच्छाचारी रूपमा ढक, तराजु तथा डिजिटल नापतौल उपकरण प्रयोग गर्नेहरूलाई जरिवाना तिराइ कानुनी दायरामा ल्याइएको हो । कार्यालय प्रमुख सुनील यादवले दिएको जानकारी अनुसार चालु आर्थिक वर्षको साउनदेखि वैशाख मसान्तसम्म धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र रामेछाप जिल्लामा अनुगमन सञ्चालन गरिएको थियो ।

उक्त समयमा कुल २ हजार ३७२ व्यवसायीको नापतौल उपकरणको जाँच गरिएको थियो । त्यसमध्ये अनियमित भेटिएका १ हजार ८७२ व्यवसायीलाई आवश्यक कारबाही गरिएको हो । कार्यालयले १० महिनाको अवधिमा विभिन्न प्रकारका अनुगमनहरू सञ्चालन गरेको थियो । कार्यालयले एकल अनुगमन २९ पटक, व्यवसायिक फर्मको अनुगमन ४९९ पटक, संयुक्त अनुगमन (अन्य निकायसँगको सहकार्यमा) १८ पटक र अन्य फर्म अनुगमन २७२ पटक गरेको बताइएको छ ।

यी अनुगमनहरूमार्फत् कार्यालयले नापतौलको पारदर्शिता, यन्त्रको क्यालिब्रेसन र प्रयोगमा देखिएको लापरवाही तथा उपभोक्तामाथिको संभावित ठगी रोक्न केन्द्रित गरिएको जनाएको छ । अनियमितता फेला परेका व्यवसायी तथा उद्योगीहरूबाट कार्यालयले विभिन्न शीर्षकमा ४१ लाख १२ हजार ८४० रुपैयाँ राजस्व संकलन गरेको छ । यो गत आर्थिक वर्षको सोही अवधिमा संकलन गरिएका ३० लाख ६३ हजार २४४ को तुलनामा झन्डै १० लाख रुपैयाँले बढी हो ।

गत वर्ष कार्यालयले १ हजार ९७५ वटा कम्पनीको अनुगमन गरी १ हजार ३९० वटा कम्पनीलाई कारबाहीमा पारेको थियो । कार्यालयले उपभोक्ताको हक र हितलाई केन्द्रमा राखेर बजारमा नापतौलको पारदर्शिता र विधिसम्मतता कायम गर्न लगातार निगरानी बढाउँदै आएको जनाएको छ । प्रमुख यादवका अनुसार नापतौल यन्त्रको नियमित क्यालिब्रेसन नगर्ने, कागजी अनुमतिबेगर यन्त्र चलाउने वा अधिकतम मूल्य लेखिएकोभन्दा बढी मूल्य लिने जस्ता गतिविधिमा संलग्न व्यापारीहरूमाथि अब झनै कडाइ गरिनेछ । कार्यालयले आगामी दिनहरूमा अनलाइन उजुरी प्रणाली, मोबाइल अनुगमन टोली र नापतौल जनचेतना अभियानलाई सशक्त बनाउन नीति लिएको छ । उपभोक्तालाई पनि नापतौल यन्त्रको सत्यता बुझ्न र शंका लागेमा तत्काल जानकारी गराउन आग्रह गरिएको छ । यस अभियानले बजारमा पारदर्शिता, प्रतिस्पर्धा र उपभोक्ताको विश्वास जगाउने विश्वास कार्यालयले लिएको छ । व्यवसायीहरूलाई भने कानुनी रूपमै प्रमाणित उपकरण मात्र प्रयोग गर्न र समय समयमा उपकरण क्यालिब्रेसन गराइ प्रमाणपत्र लिन आह्वान गरिएको छ ।

सुदृढ अनुगमन प्रणाली र कारबाहीले बजारमा देखिएको मनपरी मूल्य निर्धारण र नापतौलको गडबडीमा केही हदसम्म नियन्त्रण आएको देखिएको छ । आगामी दिनमा यो अभियान अझ प्रभावकारी बनाउने योजना रहेको कार्यालयले जनाएको छ ।

# ग्यास बिक्रेता संघ धनुषाको शपथ समारोह सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ग्यास बिक्रेता संघ धनुषाको नवनिर्वाचित कार्यसमितिको शपथ ग्रहण तथा पदस्थापन समारोह शनिबार जनकपुरधाममा सम्पन्न भएको छ । जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साह कार्यक्रमका प्रमुख अतिथि थिए ।

नगर प्रमुख साहले ग्यास व्यवसाय जनजीवनसँग प्रत्यक्ष सम्बन्धित आधारभूत सेवा भएकाले यसको कार्यशैलीमा पारदर्शिता, उत्तरदायित्व र उपभोक्तामैत्रीपन कायम रहनु अत्यन्त आवश्यक भएको बताए । उनले व्यवसायको दिगोपनाको आधार स्थानीय तह, व्यवसायी र उपभोक्ताबीचको सशक्त समन्वयमा रहेको उल्लेख गरे । उनले भने, 'संघले अबको दिनमा नाफामुखीभन्दा पनि सेवामुखी दृष्टिकोणलाई आत्मसात गर्दै जनउत्तरदायी भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु ।' उनले व्यवसायमा देखिने अनियमितता, कृत्रिम अभाव र मूल्यवृद्धिको अन्त्य गर्न संघको नेतृत्व अग्रसर हुनुपर्नेमा पनि जोड दिए । ग्यास बिक्रेता संघ धनुषाका अध्यक्ष फुलदेव पण्डितको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघका नवनिर्वाचित अध्यक्षसहित सम्पूर्ण पदाधिकारीहरूले विधिवत् रूपमा शपथ ग्रहण गरे । शपथ समारोहमा बोल्दै अध्यक्ष पण्डितले ग्यास व्यवसायीहरूको हकहित र व्यवसायिक सुरक्षाका साथै उपभोक्ताको अधिकार र हित संरक्षण संघको प्राथमिकतामा पर्ने बताए । उनले सरकारसँग सहकार्य गर्दै नीतिगत सुधार र समन्वयको पहल गरिने पनि स्पष्ट पारे । शपथ समारोहमा धनुषासहित आसपासका जिल्लाबाट ग्यास व्यवसायीहरू, जनप्रतिनिधि, उद्योग वाणिज्य क्षेत्रका अग्रज, नागरिक समाजका अगुवा तथा सर्वसाधारणको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागीहरूले ग्यास आपूर्ति प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र नियमनसंगत बनाउन नव निर्वाचित कार्यसमितिको भूमिकामाथि आशा व्यक्त गरे । नव नेतृत्वको आगमनसँगै संघले ग्यास व्यवसायमा देखिएका समस्याहरू समाधान गर्न सामूहिक पैरवी, नीतिगत संवाद र प्राविधिक सुदृढीकरणलाई प्राथमिकता दिने जनाएको छ । संघले जिल्लास्तरमै मात्र सीमित नभई प्रदेश र केन्द्र सरकारसँग समेत नीति संवाद गरेर व्यवसायमैत्री वातावरण निर्माण गर्ने प्रतिबद्धता जनाएको छ ।



# वीरगंजमा एमपीएलको दोस्रो संस्करण शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको आदर्शनगर रंगशालामा शनिवारदेखि माडवारी प्रिमियर लिग (एमपीएल) क्रिकेटको दोस्रो संस्करण शुरु भएको छ । स्व. सुशील कुमार खेतानको स्मृतिमा ग्रीन सिटी सामुदायिक सेवा केन्द्रद्वारा आयोजना गरिएको प्रतियोगिता युवाहरूको प्रतिभा उजागर गर्ने र खेलप्रति प्रेरित गर्ने उद्देश्यले आयोजना गरिएको ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले बताए । अध्यक्ष खेतानकै अध्यक्षतामा भएको प्रतियोगिताको वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बलिङ् र पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले ब्याटिङ गरेर उद्घाटन गरेका थिए । प्रतियोगिता दिन–रात (डे–नाइट) खेल प्रणालीमा सञ्चालन गरिनेछ । अन्तिम दिन उत्कृष्ट टिम, खेलाडी तथा विशेष प्रदर्शन गर्ने प्रतिभाहरूलाई पुरस्कार र सम्मान प्रदान गरिने अध्यक्ष खेतानले बताए । पहिलो संस्करणमा ८ वटा टिमको सहभागीता रहेको प्रतियोगिताको दोस्रो संस्करणमा १० वटा टिमले सहभागिता जनाएका छन् ।



मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन